**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily .com

**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ०९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 22 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५९

## कृषि ज्ञान केन्द्र पर्सामा भद्रगोल, करोडौंको रकम फ्रिज हुने

प्रस, वीरगंज, ८ जेठ/

कर्मचारीहरूबीचको आपसी




तस्वीरः प्रतीक

विवादका कारण चालू आवमा कृषि ज्ञान केन्द्र, पर्साको करोडौं रकम फ्रिज हुँदैछ। सो कार्यालयमा चालू आवमा आठ करोड रकम फ्रिज हुने अवस्थामा छ ।

सबैभन्दा बढी जनघनत्व भएको मधेस प्रदेशका आठवटा जिल्लामा बसोबास गर्ने अधिकांश कृषिमा आधारित छन् । केन्द्रले किसानहरूको लागि चालू आवमा आएको बजेट पर्याप्त मात्रामा खर्च गर्न सकेको छैन । चालू आवमा सङ्घ सरकारले कुल बजेटको २५.९३ प्रतिशत रकम कटौती गरेको अवस्थामा कर्मचारीहरूबीचको आपसी विवादले उपलब्ध बजेट पनि खर्च नहुने बताइन्छ।

कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख कमलदेव कुशवाहाले कृषकहरूको लागि काम नगरेर अनावश्यक खर्च गरेको कर्मचारी स्रोतले बताएको छ । चालू आवको अन्तिम समय वैशाखमा कार्यालयमा हाजिर भएका प्रमुख कुशवाहाले किसानहरूको लागि केही नगरी अनावश्यक कार्यमा बजेट खर्च गरिरहेको स्रोतले जनाएको छ ।

पर्साका किसानहरूको लागि आएको बजेट कृषि कार्यमा खर्च नगरी प्रमुख कुशवाहाले अन्य अनावश्यक कार्यमा खर्च गरिरहेका छन् ।

समाचार स्रोत अनुसार कृषि सडक कार्यक्रममा तीन करोड, कस्टम हायरिङ सेन्टरको लागि ५० लाख, कृषि विकास कार्यक्रमको लागि ३७ लाख, ब्लक कार्यक्रमको लागि २० लाख, स्यालो ट्युवेल जडानको लागि एक करोड ७५ लाख, रोटाभेटर, थ्रेसरको लागि १० लाख, बजार सेड निर्माणको लागि ५० लाख, दलहन प्रवर्द्धन कार्यक्रमको लागि पाँच लाख, तेलहन कार्यक्रमको लागि ५० लाख, बगरखेतीको लागि पाँच लाख, फलफूलखेतीको लागि दुई लाख, तालीम हल मर्मतको लागि पाँच लाख, जैविक मल कार्यक्रमको लागि २० लाख, खुद्रा विषादी तालीमको लागि तीन लाख गरी चालू आवमा आठ करोड रकम बराबरको कार्यक्रम सञ्चालन हुनुपर्नेमा नभएकोले सो बराबरको रकम फ्रिज हुने सम्भावना छ।

सो कार्यालयमा चालू आवमा चारजना कार्यालय प्रमुख हेरफेर हुँदा लक्षित कार्यक्रममा बजेट खर्च हुन नसकेको बताइन्छ। चालू आवको अन्तिम समयमा लक्षित कार्यक्रममा बजेट हुन नसक्ने कर्मचारीहरू बताउँछन् छन्।

तत्कालीन कार्यालय प्रमुख मुनीलाल प्रसादले नियमित अवकाश लिएपछि शङ्कर साह प्रमुख भएका थिए । उनी १०औं तहमा बढुवा भएपछि सरुवा भए । त्यसपछि हरिशङ्करप्रसाद जयसवाललाई कार्यालय प्रमुख बनाइए पनि उनलाई प्रदेश सरकारले बजेट सञ्चालनको अधिकार नै नदिई उनको सरुवा भयो ।

वैशाखमा आएका हालका कार्यालय प्रमुख कमलदेवप्रसाद कुशवाहाले समय थोरै भएकोले अधिकांश बजेट फ्रिज हुने बताए । यस विषयमा कार्यालय प्रमुख कमलदेव कुशवाहाले समय कम भएकोले सम्भव भएजति काम गर्ने बताए। उनले विगतका कार्यालय प्रमुखले के गरे, त्यो आफूलाई जानकारी नभएको बताउँदै थोरै समयमा धेरै काम गर्ने दाबी गरेका छन्।

### अन्य शीर्षकबाट रकम अनियमितता

कार्यालय प्रमुख मुनिलालप्रसाद रौनियार नियमित अवकाशपछि कार्यालय प्रमुख शङ्कर साहले कर्मचारीहरूको असहयोगको कारण बजेट चलाउन नसकेपछि विविध खर्चमा सबै रकम खर्च गरी कमिशन कुम्ल्याएको आरोप छ। प्रमुख साहले लक्षित कार्यक्रम सम्पन्न नभए पनि सोबाट आउने कन्टिजेन्सीको रकम दुई लाख एउटा पत्रिकालाई भुक्तानी दिएको पाइएको छ। कृषि सडक कार्यक्रमको लागि आएको तीन करोडको योजनाको लागि एउटा पत्रिकामा गोप्य सूचना निकालिएको थियो। सोको कर्मचारीहरूले विरोध गरेपछि निवेदन लिनेबाहेक केही काम भएको छैन । काम सम्पन्न तथा भुक्तानी गरेपछि कन्टिजेन्सीबाट रकम भुक्तानी दिनुपर्ने नियमविपरीत कार्यालय प्रमुखले दुई लाख भुक्तानी दिएको देखिन्छ। भुक्तानी दिंदा लेखा अधिकृत रघुनन्दन साहले कसरी भुक्तानी दिए भन्ने विषय चर्चामा छ।

यसबाहेक सो कार्यालयमा अन्य विकासका कामहरू नभए पनि विविध शीर्षकमा आएका सबै रकम खर्चिएको छ । कार्यक्रम सञ्चालन भएपछि कामको अनुगमनको लागि प्रदेश सरकारले पठाएको तेलको रकम पनि सकिएको छ। विगतका कार्यालय प्रमुखले गरेका अवैधानिक कार्यलाई साथ दिंदै अहिलेका कार्यालय प्रमुख कमलदेव कुशवाहाले पनि विविध खर्चबाट राम्रो अवस्थामा रहेको गाडीका चारवटा टायर फेरेका छन् । गाडी मर्मत, कार्यालय रङरोगन, तालीम भवनको मर्मत शीर्षकमा अनावश्यक खर्च गरी अनियमितता भइरहेको बताइन्छ ।

## पर्सामा राष्ट्रिय खोप अभियानको तीव्र तयारी



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ८ जेठ/

यही जेठ १३ गतेदेखि शुरू हुने राष्ट्रिय पोलियो खोप अभियानको लागि पर्सा जिल्लामा तयारी तीव्र गतिमा भइरहेको छ ।

स्वास्थ्य कार्यालय पर्साका फोकल पर्सन खोप अधिकृत जयमोद ठाकुरले पर्सा जिल्लामा राष्ट्रिय खोप अभियान–२०८१ दुई चरणमा हुन गइरहेको बताए। उनले पहिलो चरणमा जेठ १३–१६ गतेसम्म वीरगंज महानगरका वडा १ देखि १६ सम्म, बहुदरमाई नगरपालिका, छिपहरमाई, पकहामैनपुर, धोबिनी, विन्ध्यवासिनी, ठोरी गाउँपालिका गरी आठवटा पालिकामा तथा जेठ २०–२७ गतेसम्म बाँकी छवटा पालिकामा खोप अभियान सञ्चालन हुने बताए ।

उनले खोप अभियानको लागि जनशक्ति तयार गर्ने कार्य शुरू भइसकेको बताए । यसअघि १४ वटा पालिकाका स्वास्थ्य शाखा प्रमुख र ११२ जना स्वास्थ्य

(बाँकी अन्तिम पातामा)

## दुधौरा पुलको काम सुस्त गतिमा, सर्वसाधारणलाई सास्ती



बाराको दुधौरा खोलामा निर्माणाधीन पुल । तस्वीरः जीतलाल श्रेष्ठ

प्रस, निजगढ, ८ जेठ/

'सरकारभन्दा ठेकेदार बलिया, तोकिएको समयमा हुँदैन काम पूरा' यो भनाइलाई सार्थक बनाइरहेको छ, बारास्थित निर्माणाधीन दुधौरा पुलले । यस राजमार्ग भएर आवतजावत गर्ने सवारीसाधनका चालक र सर्वसाधारणहरूलाई निर्माणाधीन दुधौरा पुलको नाम सम्झिने बित्तिकै डाइभर्सनका खाल्डाखुल्डीले नराम्ररी झस्काउने गर्छ। नजीकिंदो साउन मसान्तभित्र बनाइसक्नुपर्ने दुधौरा पुल निर्माण शुरू भएको तीन वर्ष नाघे पनि यस वर्षको वर्षायामभित्र सम्पन्न हुन नसक्ने निश्चित प्रायः छ। जसका कारण डाइभर्सन हुँदै आवतजावत गर्ने सवारीसाधनका चालक र यात्रीहरूले दैनिक सास्ती खेप्नुपर्छ ।

पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बाराको निजगढ–पथलैया सडकखण्डको दुधौरा पुल निर्माणमा यस अघि ठेकेदार कम्पनी महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंले आवश्यकता अनुसार निर्माण सामग्री, कामदार र मेशीन जुटाउन नसक्दा तोकिएको समयसीमाभित्र काम सम्पन्न गर्न सकेन। पछिल्लोपटक आव २०८१/८२ को साउन मसान्तभित्र काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई पुल विभाग अन्तर्गतको पुल सेक्टर काठमाडौंले म्याद थप गरेको थियो । तर पनि समयमैं काम सम्पन्न गर्ने ठेकेदार कम्पनी अघि सरेको छैन । सरकारले तोकिदिएको समयसीमाभित्र ठेकेदार कम्पनीले काम सम्पन्न गर्न नसक्नु र अहिले सरकारसँग रकम अभाव हुनाले निर्माण कार्य अघि बढ्न सक्ने अवस्था छैन ।

सरकारले ठेकेदार कम्पनीलाई करीब डेढ करोड भुक्तानी दिन बाँकी रहेको स्रोतले जनाएको छ। चार लेन चौडाइ, दुई स्पानको ९० मिटर लम्बाइको मुलुककै अति व्यस्त राजमार्गस्थित दुधौरा खोलामा पुल निर्माण गर्न थालेको तीन वर्ष नाघिसकेको छ। अझै पनि पुल निर्माण कार्य सम्पन्न भएन भन्दा नेपाल सरकारलाई समेत गिज्याइरहेको छ । हालसम्म यस पुलको कार्य प्रगति ८० प्रतिशत सकिएको ठेकेदार कम्पनीका इन्जिनीयर अजयकुमार झाको भनाइ छ। बाँकी २० प्रतिशत काम सम्पन्न गर्न ठेकेदार कम्पनीले कछुवा गतिमा गरिरहेको काम हेर्दा यकीन अवधि भन्न सकिने अवस्था छैन ।

तोकिएको समयभित्र काम सम्पन्न नहुने देखेपछि ठेकेदार कम्पनीलाई अन्तिमपटक समय थप भन्दै पुल सेक्टर काठमाडौंले २०८१ साउन मसान्तसम्म म्याद बढायो । तर कामले गति लिन सकेको छैन ।

यस अघि ठेकेदार कम्पनीलाई पर्याप्त समय हुँदाहुँदै पनि तोकिएको समयमा काम सम्पन्न नगरेको पुल सेक्टर काठमाडौंको भनाइ छ। ठेकेदार कम्पनी र पुल विभाग महाशाखा काठमाडौंको दोहोरीले दुधौरा खोलाको डाइभर्सन भएर आवतजावत गर्ने यात्रुहरूले दैनिक सास्ती भोग्दै आइरहेका छन् । डाइभर्सनमा भएका खाडलहरूलाई पुर्ने, सम्याउनेसम्मको काम ठेकेदार कम्पनीले गर्दैन । जसले गर्दा सवारीसाधनहरूलाई हानि पुग्नेलगायत वृद्धवृद्धा, अशक्त, बालबालिका, बिरामीहरूलाई सास्ती हुने गरेको छ । डाइभर्सनमा भएका खाल्डाखुल्डी नपुर्दा, नसम्याउँदा दैनिक दर्जनौं गुनासाहरू ट्राफिक प्रहरी कार्यालयमा आउँछन् ।

ठेकेदार कम्पनीले उक्त पुल निर्माण सम्पन्न गर्नको लागि मूअकरबाहेक १५ करोड २२ लाखमा ठेक्का सकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ । ठेकेदार कम्पनीलाई पछिल्लोपटक थपिएको समयसीमामा पनि पुलको काम सम्पन्न नहुने देखिएपछि आव २०८१/८२ को फागुन मसान्तसम्म फेरि समयावधि थप हुन सक्ने पुल निर्माण कार्यको अनुगमन गर्न आएका पुल सेक्टर काठमाडौंका इन्जिनीयर नितेश झाले बताए ।

## ज्यान मुद्दामा फरार यादव पक्राउ

प्रस वीरगज,८ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले कर्तव्य ज्यान मुद्दामा आरोपित एकजना फरार अभियुक्त १८ वर्षपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा तत्कालीन लखनपुर गाविस–९ एकडर्वा हाल सखुवाप्रसौनी गापा–६ निवासी ५० वर्षीय विनोद भन्ने विनय यादव रहेका छन् ।

२०६३ साउन १२ लखनपुर निवासी रेखा महतो कम्कर हत्याको आरोपमा यादवलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताए। कम्करलाई बिहान १० बजे सोही गाउँनजीकै रहेको गण्डक नहरको किनारामा यादवले गोली हानी हत्या गरी हालसम्म फरार रहेको प्रहरीको दाबी रहेको छ ।

तत्कालीन गाविस लखनपुरको अर्को टोल एकडर्वा हो। एकडर्वामा यादव तथा लखनपुरमा कम्मर समुदायको बहुल्यता रहेको कारण विभिन्न विषयमा लामो समयदेखि विवाद रहँदै आएको थियो । घटनाक्रम अनुसार एकडर्वा निवासी भानु यादवको धान चोरी भएपछि यादव परिवारले कम्कर समुदायका केही युवालाई पक्राउ गरी कुटपिट गरेपछि विवाद भएको थियो ।

कुटपिट घटनाको भोलिपल्ट मृतक रेखा कम्करलगायतका एक समूह भानु यादवको घरमा पुगी उनको जेठो छोरो ३० वर्षीय जगदीश यादवलाई भालाले घोपी मारेका थिए। सो घटनामा संलग्न मृतक रेखा कम्करका भाइ नाथुराउत कम्कर, जोखनराउत कम्कर र सिंगासनराउत कम्कर ज्यान मुद्दाको आरोपमा जेलसजाय भोगिसकेका छन्। घटनाको लगभग दुई महीनापछि रेखा कम्करको नहरको डिलमा हत्या भएको थियो ।

सो बेला कम्करको हत्या कसले गऱ्यो भन्ने विषयमा विवाद भएको थियो। तर मृतक रेखा कम्करको परिवारले पक्राउ परेका विनय यादवसहित छजनाले नै हत्या गरेको भन्दै प्रहरीमा जाहेरी दिएको थियो। नाम नलेख्ने शर्तमा एकजनाका अनुसार त्यति बेला राजनीतिक दबाबमा यादव अभियुक्तहरूलाई प्रहरी ज्यान मुद्दा चलाएको थिएन ।

### विचारसार र सूक्तिहरू

जे भनियो त्यो शब्द थियो, जे भन्न सकिएन त्यो अनुभूति थियो । र जे भन्नुछ तर भन्न सकिन्न त्यो मर्यादा हो ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# बोइलर महँगो हुनुको कारण

**अर्थशास्त्रको सिद्धान्त हो माग बढेपछि मूल्य बढ्छ र मूल्य बढेपछि माग घट्छ । बजारमा मागभन्दा कम वस्तु आपूर्ति भएपछि मूल्य बढ्छ अनि माग कम तथा वस्तु बढी भएपछि मूल्य घट्छ। अहिले पर्सा जिल्लामा बोइलर कुखुराको हकमा यस्तै भएको छ। कुखुरा फार्महरूमा कुखुरा छैनन्। जिल्लामा साढे तीन सय फार्म छन् तर कुखुरापालन भने सयवटामा मात्र भइरहेको छ । सयवटा फार्ममा पनि सञ्चालकहरूले कुखुराको सङ्ख्यामा कमी गरेका छन्। यसो गर्नुको कारण बढ्दो गर्मी हो । गर्मीयाममा कुखुरापालनमा समस्या हुन्छ । गर्मीयाममा कुखुराहरू बढी मर्ने गर्छन्। सामान्यतया बोइलर कुखुरा १२ हप्ता अर्थात् तीन महीनाभित्रमा तयार हुन्छ। तर गर्मीमा यति अवधिसम्म बोइलर कुखुरालाई तयार गर्न समस्या हुन्छ । गर्मीमा बोइलर कुखुराहरूमा विभिन्न खाले रोग लाग्छ। यहाँ कुखुरापालनमा चिकित्सकीय सल्लाह लिने अभ्यासको त्यति विकास भएको छैन ।**

**यसैगरी फार्म, चल्ला र कुखुराको बीमाको पनि व्यवस्था छ। यो अवसरको पनि उपयोग गरेर जोखिम न्यूनीकरण गरिएको पाइन्न। थोरैले गरेका छन् भने पनि बीमा कम्पनीलाई गलत विवरण दिएर ठग्ने नियत बढी देखिएको पाइएको छ। यसको मतलब पर्सा जिल्लामा व्यावसायिकरूपमा बोइलर कुखुराको पालन हुने गर्दैन । कागजीरूपमा फार्मको सङ्ख्या साढे तीन सय देखाइएको छ तर उत्पादन सयवटा फार्मबाट हुनुले पनि यो कुरालाई पुष्टि गर्छ। डेढ दशक अघिसम्म पर्सा जिल्लामा बोइलर कुखुराका फार्म औंलामा गन्न सकिने थिए। यहाँका कुखुरा फार्महरूले छिमकी जिल्ला चितवन र छिमकी देश भारत, बिहार राज्यबाट बोइलर कुखुरा आयात गरी यहाँको माग पूर्ति गर्दै आएका थिए । चितवनमा बोइलर कुखुरा व्यावसायिकरूपमा पालन गरिन्छ। भारतबाट बोइलर कुखुरा आयातमा रोक छ। बर्डफ्लूको प्रकोप बढेपछि पक्षीजन्य पदार्थको आयात र निर्यात दुवैमा सरकारले रोक लगाएको छ, जुन अहिलेसम्म विद्यमान छ। पक्षीको आयातमा रोक लाग्नु अघि चितवनबाट थोरै कुखुरा खरीद गर्ने र भारतको बिहारबाट बढी आयात गरेर खपत गरिन्थ्यो। यसो गर्नुको कारण बिहारमा बोइलर कुखुरा नेपालको तुलनामा निकै सस्तो हुनु हो। बर्डफ्लूपछि भारतबाट पक्षीजन्य पदार्थ आयातमा रोक लागेसँगै भारतबाट बोइलर भित्र्याउने र चितवनको बिल देखाएर वैधानिक बनाउने अभियानमा रोक लाग्यो । यही भएर झोले विद्यालयझैं फर्जी फार्महरू धमाधम खुले ।**

**भारतबाट चोरबाटो कुखुरा ल्याउने र आफ्नो फार्मको उत्पादन देखाएर बिक्री गर्ने परिपाटी बढ्यो । अहिलेसम्म त्यस्तै हुँदै आएको छ । अहिले भारतबाट बोइलर कुखुरा ल्याउँदा जोखिम बढी छ। दुवै देशका सुरक्षाकर्मीहरूले यो व्यापारमा कडाइ गरेका छन् । चल्ला, बोइलर कुखुरा चोरबाटोबाट आउने क्रम पातलिएसँगै पर्सा जिल्लाका फार्महरू पनि रित्तिन थाले अनि बन्द गर्नुको विकल्प रहेन । बोइलर कुखुराको उत्पादन घटेसँगै गत फागुनदेखि मूल्य बढ्न शुरू भएको हो । यस वर्ष प्रतिकिलो २२० रुपैयाँसम्म भएको बोइलर फागुनदेखि निरन्तर बढ्न शुरू भएर अहिले ४८० रुपैयाँ प्रतिकिलोसम्म पुगिसकेको छ । बोइलर कुखुराको व्यवसाय गर्दै आएकाहरू अहिले पनि थोरै मुनाफामा यो काम गरिरहेका छन्। तर व्यवसायको नाममा फर्जी काम गर्नेहरू भने घाटा बेहोर्न नसकेर फार्म बन्द गरी बसेका छन्। सीमा सुरक्षामा कडाइ खुकुलो भएपछि तस्कर समूह सक्रिय हुन्छ र बन्द रहेका फार्महरू पनि अस्तित्वमा आउँछन्।**

# नेपाली राजनीतिको नालीबेली

स्वतन्त्र विचार



विनोद गुप्ता

**मल खरीदको टेन्डरमा हुने आम्दानी अत्यन्त आकर्षक छ। नेपाली काङ्ग्रेसको गिरिजा सरकारले रासायनिक मल कारखाना बनाइछाड्ने अठोट लिए पनि नेका नेता स्व शैलजा आचार्यले मन्त्री पदबाट राजीनामा नै दिनुपरेको थियो।**

हिन्दू-शास्त्रमा चारवटा युग-सत्य, त्रेता, द्वापर र कलियुगको उल्लेख रहेको पाइन्छ। कलियुगबारे श्रीमद्भागवतमा शासकहरू निर्दयी एवं क्रूर हुनका साथै चोरी, झूट र हिंसाजस्ता कुकर्मबाट धन आर्जन गर्ने र शक्ति एवं धन भएकाहरू नै सदाचारी एवं सद्गुणी मानिने र दम्भी एवं पाखण्डीहरूले समाजमा साधुसरहको मान्यता पाउने भनेर उल्लेख गरिएको पाइन्छ। हामी अहिले कलियुगमा छौं र जे हुँदैछ, हेर्दै र सुन्दैछौं माथि वर्णितभन्दा भिन्न छैन।

नेपाली राजनीतिको कुरा गर्दाखेरी पनि बाइसे र चौबीसे राज्यको विग्रहका कारण पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको पाइन्छ भने शाहवंशको विग्रहले देशले १०४ वर्ष राणाशासन भोग्नुपरेको तथ्य सबैलाई थाहै छ। २००७ सालमा भएको क्रान्तिपश्चात् स्थापित प्रजातन्त्रलाई राजा महेन्द्रले समाप्त पारे। राणाशासनको अन्त्य गर्न पहिलोपटक जनता सहभागी भएको पाइन्छ भने नेपालको राजनीति पनि दक्षिण र वामपन्थमा विभाजित भएको देख्न सकिन्छ। नेपालको दक्षिणमा विश्वकै सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भारत छ भने उत्तरमा चीन।

२०१७ को परिवर्तनपछि आफ्नो सत्ता टिकाइराख्न राजा महेन्द्रले नै इन्डिया र चाइना कार्ड खेलेर नेपालमा राजनैतिक हस्तक्षेप निम्त्याएका हुन् भन्दा अन्यथा नठहर्ला। यस अर्थमा दुवै छिमेकीमा नेहरू र माओको राज्य व्यवस्थादेखि आजको मोदी र सी जिनपिङको अवस्थामा आइपुग्दा प्रमुख दक्षिणपन्थी नेपाली काङ्ग्रेस र उत्तर वा वामपन्थी एमालेमाथि परेको प्रभावबारे चर्चा गर्नु अनुपयुक्त नहोला। भारतको स्वतन्त्रतापश्चात् नेहरू भारतको प्रधानमन्त्री बने। त्यसबेला भारतीय काङ्ग्रेस एवं विपक्षमा समेत एकसे एक विद्वान् नेताहरू थिए। तर नेहरूको उत्तराधिकार इन्दिरा गाँधी र त्यसपछि राजीव गाँधीलाई प्राप्त भयो। नेहरू वा इन्दिरा गाँधीले आफ्नो जीवनकालमा अरू कसैलाई पार्टीमा नेतृत्वदायी भूमिकामा अगाडि बढ्न दिएनन् जसको तुलना नेपालको बाइसे-चौबीसे, राणा शासन, राजतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा नेपाली काङ्ग्रेसमा समेत गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री रहुन्जेल त्यही प्रवृत्ति कायम रहेको देखिन्छ भने नयाँ नेतृत्व भनेर उदाएका वर्तमानका नेपाली काङ्ग्रेस सभापति देउवासमेत त्यही प्रवृत्तिबाट हाँकिएको देखिन्छ।

स्व. गिरिजाप्रसाद कोइरालाले जसरी गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई नेपाली काङ्ग्रेसबाट अलग थलग पारेर नेपाली काङ्ग्रेसमा जीवनपर्यन्त कोइराला परिवारको वर्चस्व कायम राख्न सफल भए। एमालेमा पनि मनमोहन अधिकारीको निधनपछि महासचिव बन्न पुगेका माधव नेपाललाई केपी ओलीले पछ्याउँदै पार्टी नै फुटाउन बाध्य पारे। त्यति मात्र होइन, दोस्रो पुस्ताका भीम रावल तथा घनश्याम भुसालजस्ता प्रखर वामपन्थी युवाहरूलाई चीनकै शैलीमा पार्टीबाट अलग्याउन सफल भए। यी दुवै दृष्टान्तबाट नेपाली काङ्ग्रेसमा परिवारवाद हावी भएजस्तै एमालेमा पनि हावी भएको देखिन्छ भने कमरेड ओली, सी जिनपिङकै शैलीमा ७० वर्षे उमेरको प्रावधान हटाएर आजीवन एमाले अध्यक्ष बनिरहन उद्यत देखिन्छन्। यिनीहरूको पछि लागेका कार्यकर्ताहरू अधिकार खोज्नुभन्दा प्रसाद पाउन लालायित भएको स्पष्ट देख्न सकिन्छ।

२०५२ सालदेखि उदाएको माओवादी केन्द्र, परिवर्तनको लागि उदाएको भनेर जनयुद्धमा १७ हजारको प्राण लिई उनीहरूको परिवारलाई बिलखबन्दमा पारी अन्ततः शान्ति सम्झौतामा आयो तर आम जनताले अपेक्षा गरे अनुसार काम गर्नुको साटो सत्ताको चासनीमा डुबुल्की मार्न थालेको देखेर जनता यसबाट पनि उद्विग्न भइसकेको छ। जनताको यिनीहरूप्रतिको सोचाइ पहिलो र दोस्रो संविधानसभाको निर्वाचन परिणामबाट नै स्पष्ट भइसकेको हो। नयाँ उदाएको शक्ति पनि दुराचारी र भ्रष्ट भएको भेटिएर निराश भएको जनतालाई रवि लामिछाने नामक युवाले राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेर गणतन्त्रपछिको दोस्रो आम निर्वाचनमा राम्रै नभएपनि ठीक्कको स्थान प्राप्त गरेर केही आशा जागेको थियो तर सहकारी प्रकरणबाट त्यसको पनि व्यवहार भविष्यमा कस्तो हुने हो छताछुल्ल भएको छ। अब अहिले त एउटा उखान नै प्रचलित हुन थालेको छ- काङ्ग्रेस बूढाले, एमाले कुराले, माओवादी सुनले र रास्वपा सहकारीले चलेको छ। तर वस्तुतः यस कारणले चारवटै प्रमुख बन्न पुगेका दलहरू चलेका होइनन्, बरु थलिएका हुन्। तर जनतासँग विकल्प छैन। त्यसैले ऊ विवश छ। जति जोगी आए कानै चिरेका भन्ने उखान चरितार्थ भइरहेको छ। तमलोपा, जसपाजस्ता दलहरूको त जनताले नामै बिर्सिन थालेको छ। दलबाहेक अन्यत्र कतै यसको चर्चा नै सुनिंदैन।

भारतमा भाजपाको सरकार छ र सन् २०२४ को आम निर्वाचन हुँदैछ। २०१४ देखि बनेको भाजपा सरकारको समयमा विपक्षीहरू तथा भ्रष्टाचारीहरूको सूचीमा भारत ९३ औं स्थानमा छ। बेरोजगारी बढेको बढ्यै छ, महँगी आकाशिंदो छ, जिएसटीले व्यापार व्यवसाय चौपट भयो भनिंदैछ, त्यसमाथि डिमोनिटाइजेशनको भार। तर पनि भाजपा २०१४ पछि १९ र अब २४ मा समेत चुनाव जित्ने सम्भावना बलियो छ। यस्तो किन भन्दा सामान्यतया गरीब जनता काङ्ग्रेसको समयमा वामपन्थी दल नजीक हुन्थ्यो। यसलाई नै तोड्न इन्दिरा गाँधीले गरीबी हटाओ योजना ल्याएकी थिइन्। तर भाजपाले हिन्दी एकीकरणको नीति र ७०-८० करोड जनतालाई सस्तोमा राशन, उज्ज्वलता अन्तर्गत ग्याँस र चुलो, शौचालय र आवास योजनाको लाभ दिएर सरहदको एक्जिट वर्गले जति विरोध गरेपनि आफूतर्फ तान्न सफल भएर चुनाव जितिरहेको छ भने सि जिनपिङ पनि चीनलाई विश्वको उदीयमान शक्ति बनाउन दिलोज्यानले लागिपरेका छन्। यसो विचार गर्दा हाम्रा नेताहरूले यिनीहरूको कमसल गुण जति आत्मसात् गरे तर असल गुण टाढा राखेर सत्तामा बस्न नैतिक वा अनैतिक अनेक यत्न गर्न पछि नपरी राष्ट्र र जनताप्रति वफादार नरहेर जिम्मेवारीबाट टाढा भाग्न खोजे।

यही सोचका कारण हाम्रो विकास अवरुद्ध भएको छ। विकास योजना बनेका पनि छन्, चलेका पनि छन् तर समयमा पूरा हुन नसकेर देशको सामाजिक, आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउन सकेका छैनन्। ७९-८० अर्बको लागतबाट शुरू भएको द्रूत मार्गको लागत बनुन्जेल ३०० अर्ब हाराहारी पुग्ने, २४ अर्बको लागतमा बनेको पोखरा र भैरहवा विमानस्थल सञ्चालन नै हुन नसक्ने अवस्थामा रहेको बेला चितवन, वीरगंज, निजगढ, बर्दिवाससमेतबाट मोटर बाटो र हवाई मार्गबाट राजधानी पुग्ने सुविधा हुँदाहुँदै रक्सौल-काठमाडौं रेलमार्ग, कनीकुथी व्यापार भइरहेको चीनसँग जोडिन रेलमार्गको आवश्यकता किन महसूस भयो ? यी रेलमार्गहरू बनेपछि यसले उत्पन्न गराउने जोखिमबारे किन सोचिएन ? पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग, हुलाकी राजमार्ग निर्माणाधीन रहेको अवस्थामा कति जनसङ्ख्यालाई अपुग हुने भई जङ्गल फडानी गरेर पूर्व-पश्चिम रेलमार्गको परिकल्पना भयो ? यसको जवाफ कसले दिने ? सिमरा र विराटनगर विमानस्थलको विस्तार मात्रै गरेर ए ३२० सम्म ओराल्न सकिने बनाउने र रूटसमेतको समस्या नभएको यी दुवै विमानस्थलको उपेक्षा गरेर पोखरा र भैरहवामा कुन स्वार्थले विमानस्थलको सम्भाव्यता देखियो। यो भ्रष्टाचार हो कि होइन ? कसले छानबीन गर्ने ?

वातावरण क्षयले तराई काकाकुल बनेको छ, पानी छैन। अन्नको भण्डार भनिने तराईको ३४-३५ प्रतिशत खेतीयोग्य जमीनमा सिंचाइ सुविधा छैन। तर नहर बनाउनुको सट्टा बोरिङ गरेर कहिले ट्रान्सफर्मर त कहिले मोटर चोरी हुने र बिग्रने निहुँमा सिंचाइ नभए पनि भ्रष्टाचार अनवरत चलिरहने व्यवस्था गरिन्छ। नहर निर्माण गर्ने योजना बन्दैन किनभने यो एकपटक बनेपछि लामो समयसम्म चलखेल गर्न गाऱ्हो हुन्छ। पानी छताछुल्ल भएको देशमा बिजुली महँगो किन भयो ? किनभने जलविद्युत् उत्पादन लागत भारत र पाकिस्तानभन्दा नेपालमा बढी छ अनि बिजुली महँगो भएकोले रासायनिक मल कारखाना नेपालमा स्थापना गर्नु लाभप्रद देखिंदैन। किनभने मल खरीदको टेन्डरमा हुने आम्दानी अत्यन्त आकर्षक छ। नेपाली काङ्ग्रेसको गिरिजा सरकारले रासायनिक मल कारखाना बनाइछाड्ने अठोट लिए पनि नेका नेता स्व शैलजा आचार्यले मन्त्री पदबाट राजीनामा नै दिनुपरेको थियो। लाउडा, चिनियाँ विमान खरीद, गोदावरी सुन, बजेटको हल्ला सुन्दासुन्दा अब त अदालतले पनि गिरीबन्धु टि स्टेटमा नीतिगत भ्रष्टाचार भएको ठहर गरेको छ। रविको लागि गठन गर्न नसकिएको संसदीय समिति गिरी बन्धु, बाल सङ्गठनजस्ताका लागि गठन होला ? यो लेख्दालेख्दै महाकवि देवकोटाको ‘प्रभुजी ! मलाई भेडो बनाऊ’ भन्ने कविता सम्झना भयो। त्यसैले अब बाबा भोले शङ्कर हाम्रा आराध्यदेवसँग यही चित्त शान्तिका लागि यही प्रार्थना गर्दै यो आलेख समाप्त गर्दछु।

# सगरमाथामा कीर्तिमान बनाउने प्रतिस्पर्धा

सिबी अधिकारी
काठमाडौं, ८ जेठ/रासस

सर्वोच्च शिखर सगरमाथाको २९औं पटक सफल आरोहण गरी विश्व कीर्तिमान कायम गरेका कामीरिता शेर्पा ३०औं पटक सगरमाथा आरोहणका लागि सगरमाथाको चुचुरोतिर उक्लेका छन्। वसन्त ऋतुको जारी आरोहणमा कामीरिताले वैशाख ३० गते सगरमाथाको २९औं पटक आरोहण गरेर यसअघि २८औं पटक सगरमाथा आरोहणको आफ्नै कीर्तिमान तोडेर नयाँ कीर्तिमान बनाएका थिए।

उक्त कीर्तिमान भङ्ग गर्दै यही सिजनमा सगरमाथाको दोस्रोपटक आरोहणका लागि कामीरिता सोमवार चुचुरोतर्फ लागेका हुन्। सगरमाथा आधार शिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रमुख खिमलाल गौतमका अनुसार कामीरिताले भोलि बुधवार बिहान सगरमाथाको चुचुरोमा पुग्ने योजनाअनुरूप अहिले सगरमाथाको चौथो शिविरनजीक छन्।



तस्वीरः रासस

“कामीरिता शेर्पा ३०औं पटक सगरमाथा आरोहणका लागि अहिले साउथकोलनजीक पुगेका छन्। भोलि बिहान चुचुरोमा पुग्ने योजना छ,” फिल्ड कार्यालय प्रमुख गौतमले भने।

सोलुखुम्बु थामेका ५४ वर्षीय कामीरिता सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउने संसारका एकमात्र पर्वतारोही हुन्। सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका कामीरिताको नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ। सगरमाथा आरोहणको ७१ वर्षे इतिहासमा सर्वाधिक आरोहण गर्ने एकमात्र कीर्तिमानी आरोही कामीरिता शेर्पा हुन्।

अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाएका थिए। सगरमाथामा विभिन्न कीर्तिमान कायम गर्ने प्रतिस्पर्धा नै चलिरहेको छ। यही याममा पत्रकार पूर्णिमा श्रेष्ठले एक सातामा तीनपटक सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्ने योजनाअनुरूप सगरमाथाको चुचुरोतर्फ लागेकी छन्। पत्रकार श्रेष्ठले यो याममा दुईपटक सगरमाथा आरोहण गरिसकेकी छन्।

तेस्रो आरोहणका लागि उनी चुचुरोतर्फ लागेकी जनाइएको छ। यस्तै, होचा पुड्का सागर सुनुवारले पनि यही याममा सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउने उद्देश्यसहित सगरमाथा आरोहणमा गएका छन्। कास्कीका सागर तीन फिट सात इन्च अग्ला छन्।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# साइबर सुरक्षासम्बन्धी पूर्वतयारी अभ्यास सम्पन्न

काठमाडौं, ८ जेठ/रासस

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले साइबर सुरक्षालाई थप व्यवस्थित गर्ने उद्देश्यले 'साइबर सुरक्षा पूर्वतयारी अभ्यास' गरेको छ। 'राष्ट्रिय साइबर डिल–२०२४' नाम दिइएको सो पूर्वतयारी अभ्यासमा संवेदनशील सूचना तथा प्रविधि पूर्वाधारमा कहींकतैबाट अवाञ्छनीय गतिविधि भयो वा आक्रमण भयो भने त्यसलाई कसरी प्रतिक्रिया गर्ने वा कसरी सुरक्षित राख्ने भन्ने प्रकृतिको पूर्वतयारी अभ्यास गरिएको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिए।

हिजो र आज दुई दिनसम्म सञ्चालन भएको सो अभ्यास एकीकृत डाटा व्यवस्थापन केन्द्रमा आयोजना गरिएको हो। राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५ ले गरेको व्यवस्था अनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आबद्ध प्रतिनिधि अभ्यासमा सहभागी भएका थिए।

समूहमा अर्थ, गृह र शिक्षा मन्त्रालय, नेपाल प्रहरी, नेपाली सेना, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण लगायत विभिन्न सम्बन्धित निकायका प्रतिनिधिहरू छन्। "राष्ट्रियस्तरमा साइबर सुरक्षासम्बन्धी विषयमा गरिएको एक प्रकारको पूर्वअभ्यास हो। जसरी विपत्सम्बन्धी विषयमा भूकम्प जाँदा वा आगलागी भयो भने के गर्ने भनेर पूर्वतयारी गरिन्छ, यो त्यस्तै प्रकृतिको पूर्वतयारी अभ्यास हो," उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख महर्जनले भने।

कार्यक्रमको पहिलो दिन सैद्धान्तिक र दोस्रो दिनमा प्रयोगात्मक अभ्यास गरिएको थियो। पहिलो दिन साइबर सुरक्षाको विषयमा अवधारणलगायतका विषयमा कक्षा सञ्चालन गरिएको थियो भने आज साइबर सुरक्षासम्बन्धी उपकरण र टेबल टप एक्ससाइजसम्बन्धी अभ्यास गरिएको थियो। उनले भने, "यो कार्यक्रम गर्नुका दुईवटा उद्देश्य छन्, पहिलो भनेको कुनै पनि घटना हुन सक्छ भन्ने विषयमा हामी तयारी हुनुपर्छ, कस्ता–कस्ता घटना हुन्छन् भन्नेबारेमा जानकारी हुन्छ, त्यस्ता घटना हुँदा कसरी प्रतिक्रिया गर्ने भन्ने हो, अर्को भनेको मन्त्रालयबीचमा साइबरसम्बन्धी कसरी समन्वय गर्ने भन्ने नै हो।"

राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरी कार्यान्वयनमा रहेको छ। मन्त्रालयको साइबर सुरक्षा शाखाले आम जनतालाई सुसूचित गर्ने उद्देश्यले 'साइबर हाइजिन'सम्बन्धी तालीमसमेत सञ्चालन गर्दै आएको छ। सोही तालीम यही जेठ १३ गते मधेस प्रदेशमा सञ्चालन गर्ने मन्त्रालयको तयारी छ। मन्त्रालयले राष्ट्रिय साइबर सुरक्षा केन्द्र पनि स्थापना गरेको छ।

संक्षेपमा डिजिटल सूचना संरक्षणका लागि हुने वा हुन सक्ने आक्रमणको पहिचान गर्ने र त्यसको प्रतिरोध गर्ने प्रक्रिया नै साइबर सुरक्षा हो। सन् २००४ मा विश्वभर तीन दशमलव पाँच अर्ब अमेरिकी डलर हाराहारी रकम साइबर सुरक्षाका लागि खर्च भएको थियो। यस्तो खर्च सन् २०११ मा आइपुग्दा ६४ अर्ब अमेरिकी डलर पुगेको थियो। गत वर्ष २०२३ मा साइबर सुरक्षा खर्च २१९ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको आकलन इन्टरनेशनल डाटा कर्पोरेशनले गरेको छ।

# कोठाभाडा तिर्न नसक्दा ...

काठमाडौं, ८ जेठ/रासस

काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका–५ थलीमा मृतावस्थामा भेटिएका ५४ वर्षीय कृष्ण नगरकोटीले कोठाभाडा तिर्न पनि नसक्ने परिवारको आर्थिक अवस्थाका कारण आफू र छोराको ज्यान लिने गरी अप्रिय कदम चालेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

प्रहरीका अनुसार छालिङ–७ भक्तपुरका नगरकोटी ट्याक्सी चलाउँथे। ट्याक्सी चलाउँदा पनि सोचेजस्तो आम्दानी नहुँदा परिवारको खर्च धान्नै मुश्किल थियो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले प्रारम्भिक अनुसन्धानमा सोही कारणले उनले आत्महत्या गरेको खुलेको जानकारी दिए।

कालो कपडाले मुख छोपिएको र घाँटी काटिएको अवस्थामा उनको शव मङ्गलवार बिहान फेला परेको प्रहरीको भनाइ छ। स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि जिल्ला प्रहरी परिसर काठमाडौं तथा प्रहरी वृत्त बौद्धबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो। कृष्णको शव भेटिएपछि छोरा रिचेन घाइते अवस्थामा भेटिएका थिए। दुवैजनाका मुख कालो कपडाले छोपिएको र घाँटी काटिएको अवस्थामा भेटिएको प्रहरीको भनाइ छ।

प्रवक्ता अधिकारीले भने, "घाइते अवस्थामा आज भेटिएका रिचेनलाई प्रहरीले हिजो पनि चोभार चाल्नाखेलमा आत्महत्याको प्रयास गर्दैगर्दाको अवस्थामा उद्धार गरेको खुल्न आएको छ।"

प्रहरीका अनुसार कृष्ण विगत १५ वर्षदेखि ट्याक्सी चलाउँदै आएका थिए। पत्नीले छाडेपछि उनी छोरा रिचेन र छोरी रश्मीसँग काठमाडौंको रविभवन, गणेशथानमा भाडाको कोठामा बस्दै आएका थिए। पछिल्लो तीन महीनायता कोठाभाडा तिर्न नसक्दा तीनैजना ट्याक्सीमा रात कटाउँदै आएको प्रहरीको भनाइ छ। रिचेन र रश्मीको मानसिक अवस्था सामान्य नदेखिएको खुल्न आएको प्रहरीले जनाएको छ।

कृष्णले सोमवार सेतोपुलनजीक ट्याक्सी बिग्रिएको भन्दै छोरीलाई त्यही छाडेर छोरासँगै हिंडेका थिए। प्रहरीले आज बिहान सेतोपुलनजीकै रश्मीलाई ट्याक्सीभित्र बसिरहेको अवस्थामा फेला पारी उद्धार गरेको थियो। रश्मीलाई हाल जिल्ला प्रहरी परिसर काठमाडौंमा राखिएको प्रवक्ता अधिकारीले बताए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मधेसमा दुई लाख ५१ हजार परिवारले स्वास्थ्य बीमा गराए

जनकपुरधाम, ८ जेठ/रासस

मधेस प्रदेशमा हालसम्म दुई लाख ५१ हजार १७२ परिवारले स्वास्थ्य बीमा गराएका छन्। मधेस प्रदेश स्वास्थ्य बीमा बोर्डको कार्यालयका अनुसार मधेस प्रदेशमा पछिल्लो केही समयदेखि क्रमिकरूपमा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढ्दै गएको छ।

सरकारी अस्पतालमा उपचार गराउँदा १० प्रतिशत तथा निजी अस्पतालमा उपचार गराउँदा २० प्रतिशत खर्च बिरामीले बेहोर्नुपर्ने तथा बाँकी रकम बीमा बोर्डले बेर्होने प्रावधान लागू भएपछि स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढेको सो बोर्डका मधेस प्रदेश संयोजक मनोज पौडेलले बताए। उनका अनुसार सबैभन्दा बढी सिराहा जिल्लामा एक लाख २२ हजार २७१, सर्लाही जिल्लामा ४० हजार ६६८, सप्तरी जिल्लामा ९४ हजार २०, धनुषा जिल्लामा ५४ हजार ९६७, महोत्तरी जिल्लामा ४९ हजार २५७, रौतहट जिल्लामा ८३ हजार ६२२, बारा जिल्लामा ६८ हजार २३८ तथा पर्सा जिल्लामा ९१ हजार ६२४ परिवारले स्वास्थ्य बीमा गरेका छन्।

स्वास्थ्य बीमामा सहभागी हुन पाँचजना सदस्य भएको परिवारले वार्षिक तीन हजार पाँच सय प्रिमियम रकम तिर्नुपर्छ भने पाँचजनाभन्दा बढी सदस्य बराबरको सात सयका दरले वार्षिक प्रिमियम बुझाउनुपर्नेछ।

बीमित परिवारमा सदस्य बिरामी हुँदा एक लाख बराबरको उपचार शुल्क स्वास्थ्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्दै आएको छ। कतिपय अस्पतालमा सरकारले बीमाबापतको रकम समयमा उपलब्ध नगराउँदा बीमा कार्यक्रम रोकिएको अस्पतालले जनाएका छन्।

सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत रहेको सो बीमाका सम्बन्धमा स्वास्थ्य बीमा बोर्डको कार्यालयले बीमा दर्ता सहयोगीहरूका लागि पुनर्ताजगी कार्यक्रम गरिरहेको पौडेलले जानकारी दिए।



**शुक्लाफाँटामा बाह्रसिङ्गेको बथानः** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको घाँसे मैदानमा देखिएको बाह्रसिङ्गेको बथान। शुक्लाफाँटामा दुई हजार तीन सय भन्दा बढीको विश्वमैं दुर्लभ बाह्रसिङ्गेको झुन्ड देख्न पाइन्छ। बाह्रसिङ्गेले परिचित यो निकुञ्जमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन भने न्यून हुने गरेको छ। तस्बिरः शेरबहादुर सिंह/रासस

# जलवायु अनुकूलन कार्यक्रमका लागि एक अर्ब ८७ करोड अनुदान

काठमाडौं, ८ जेठ/रासस

फिनल्यान्डले नेपालको स्थानीय जलवायु अनुकूलन कार्यक्रमका लागि अनुदान सहायता उपलब्ध गराउने भएको छ। अर्थ मन्त्रालयमा मङ्गलवार आयोजित कार्यक्रममा उक्त आर्थिक सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

सम्झौतामा नेपालका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव एवं अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपाल तथा नेपालका लागि फिनिस राजदूत रिना–रिक्का हेक्काले हस्ताक्षर गरिन्। गत ३ जेठमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त सहयोग रकम स्वीकार गर्ने निर्णय गरेको थियो।

सम्झौता अनुसार फिनल्यान्डले नेपाललाई १३ मिलियन युरो अर्थात् एक अर्ब ८७ करोड अनुदान दिनेछ। यो अनुदान रकमबाट कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहमार्फत जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछन्।

युरोपेली सङ्घ र अर्थ मन्त्रालयबीच त्यससम्बन्धी सम्झौतापत्रमा यसअघि नै हस्ताक्षर भइसकेको छ। गत वर्षको साउन ६ मा भएको उक्त नेपालका तर्फबाट अर्थ मन्त्रालयका तत्कालीन सचिव अर्जुन पोखरेल र सङ्घका तर्फबाट मध्यपूर्व र एशिया प्रशान्त क्षेत्र हेर्ने निर्देशक पेटेरियस युस्तुब्सले हस्ताक्षर गरेका थिए।

नेपाल र फिनल्यान्ड तथा युरोपेली सङ्घबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको अवसरमा उक्त सम्झौता भएको जानकारी दिइएको छ। आयोजनाको कार्यान्वयन आगामी आर्थिक वर्ष २०८१/८२ मा हुनेछ।

कार्यक्रममा सहसचिव नेपालले जलवायु परिवर्तनमा स्थानीय अनुकूलन तथा प्राकृतिक स्रोत व्यवस्थापनमार्फत जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने लक्ष्य आयोजनाले राखेको बताए।

कार्यक्रमले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान गर्ने विश्वास




व्यक्त गरे। राजदूत हेक्काले सम्झौता संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप–२८)का क्रममा फिनल्यान्ड र युरोपेली सङ्घले गरेको प्रतिबद्धता कार्यान्वयनको एक हिस्सा भएको बताइन्।

संयुक्त अरब इमिरेट्सको दुबईमा गत कात्तिकमा सम्पन्न कोप–२८ मा कार्बन उत्सर्जनमा नगन्य भूमिका भएका तर जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोखिममा रहेका नेपालजस्ता विकासोन्मुख मुलुकलाई विकसित मुलुकले जलवायु अनुकूलन कार्यक्रमका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

सम्मेलनले विश्वव्यापी तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनलाई ४३ प्रतिशतसम्म घटाउनुपर्ने निष्कर्ष निकालेको थियो।

राजदूत हेक्काले नेपाली समुदायले जलवायु परिवर्तनको नकारात्मक प्रभावको सामना गरिरहेको भन्दै त्यसबाट बच्न यस्ता कार्यक्रम उपलब्धिमूलक हुने विश्वास व्यक्त गरिन्। "हामी जलवायु परिवर्तनका असर कम गर्न तथा जलवायुका क्षेत्रमा निर्धारण गरिएका विश्वव्यापी लक्ष्यप्राप्तिका लागि आफ्नो प्रतिबद्धता निर्वाह गर्न तत्पर छौं," उनले भनिन्, "यस्ता परियोजनामार्फत जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित व्यक्तिको जीवनमा परिवर्तन ल्याउन सक्छौं भन्ने हाम्रो विश्वास हो।" उनले सम्झौताले जलवायु परिवर्तनको जोखिममा रहेका क्षेत्रका मानिसको दैनिक जीवनमा सुधार ल्याउने लक्ष्य राखेको बताए।

कार्यक्रमले स्थानीय बासिन्दालाई वातावरणीय परिवर्तनसँग अनुकूलन गर्न, उनीहरूको जीविकोपार्जन सुरक्षित गर्न र जीवनको अवस्था सुधार गर्नका लागि दिगो प्राकृतिक स्रोत व्यवस्थापनमा योगदान गर्ने विश्वास राखिएको छ।

परियोजनाले खाद्य, आय वृद्धि गर्न जलवायु उत्थानशील कृषि कार्यक्रम, प्राकृतिक स्रोतको दिगो प्रयोगमा जोड दिनेछ। परियोजना सञ्चालन गर्दा बढीभन्दा बढी महिला समुदायलाई लाभान्वित गर्ने लक्ष्य राखिएको छ।

परियोजनाले प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता र समावेशी शासन स्थापना गर्ने तथा सङ्घीय संरचना सुदृढ गर्न सहयोग गर्ने पनि लक्ष्य राखेको छ। फिनल्यान्डले यसअघि सुदूरपश्चिम र कर्णालीमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना सञ्चालन गरेको थियो।

# चिनियाँसँग नक्कली विवाह गराएर महिलाको बिक्री

काठमाडौं, ८ जेठ/रासस

एकजना नेपाली महिलालाई चिनियाँ नागरिकसँग नक्कली विवाह गराइ रु पाँच लाखमा बिक्री गरेको पाइएको छ।

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार नुवाकोटको किस्पाङ घर भई हाल चीनमैं बस्ने ४३ वर्षकी मनमाया घलेले रु पाँच लाख लिएर चिनियाँ नागरिकसँग नक्कली बिहे गराइ पीडित महिलालाई चीन पुऱ्याएर वेश्यावृत्तिमा लगाएको भेटिएको हो।

पीडितले दिएको जाहेरीका आधारमा अनुसन्धान गर्दा चिनियाँ नागरिकसँग बिहे गरेपछि ग्रीनकार्ड बनाउन मिल्छ, त्यसपछि नेपाल आउनजान पाइन्छ, अनि भविष्य सुनौलो हुन्छ भन्ने प्रलोभनमा पारी चिनियाँ नागरिकसँग अदालतमा लगेर विवाहसमेत गराएर बेचबिखन गरेको पाइएको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए।

अनुसन्धानका क्रममा आरोपी घलेले आर्थिक अवस्था कमजोर भएकी महिलालाई यसरी बेचबिखन गर्ने गरेको पाइएको छ। आरोपी घले २०७९ चैत १३ गते अदालतमा चिनियाँ नागरिकसँग कोर्ट म्यारिज गराइ पीडित महिलालाई २०८० वैशाख १ गते चीन पुऱ्याएर आफू नेपाल फर्किएकी थिइन्। त्यसपछि चिनियाँ नागरिकले जबरजस्ती वेश्यावृत्तिमा लगाएको पीडितले बयान दिएकी ब्युरोले जनाएको छ।

जबरजस्ती वेश्यावृत्तिमा लगाइराखेको अवस्थामा पीडित महिलाले आफन्तलाई जानकारी गराएपछि बेइजिङस्थित नेपाली दूतावाससँग समन्वय गरेर २०८० असार १ गते उनको उद्धार गरिएको थियो। खोजतलाशका क्रममा ब्युरोबाट खटेको प्रहरीले काठमाडौंको ठमेलबाट घलेलाई पक्राउ गरी अहिले अनुसन्धान जारी राखेको छ। उक्त घटनामा संलग्न चिनियाँ नागरिक र अन्य प्रतिवादीको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# भङ्गाहा–जनकपुर–जयनगर रेलसेवा पुनः सञ्चालन

जलेश्वर (महोत्तरी), ८ जेठ/रासस

भङ्गाहा–जनकपुर–जयनगर रेलसेवा मङ्गलवार बिहानदेखि पुनः सञ्चालन भएको छ।

भारतमा जारी लोकसभा निर्वाचनका सन्दर्भमा उक्त सेवा बन्द भएको थियो। महोत्तरी र धनुषासँग सीमा जोडिएका भारतका मधुबनी र सीतामढीमा सोमवार निर्वाचन सम्पन्न भएपछि रेलसेवा प्रारम्भ भएको हो।

नेपाल रेलवे कम्पनी लिमिटेडले जेठ ५ देखि ७ गतेसम्म रेलसेवा बन्द हुने जानकारी सार्वजनिक सूचना प्रकाशन गरेर दिएको थियो। सूचनामा रेलवे सेवा पुनः साबिकबमोजिम जेठ ८ गतेदेखि नियमित सञ्चालनमा आउने जानकारी दिइएबमोजिम आज बिहानदेखि सञ्चालन भएको हो।

# मधेस सरकारको नेतृत्व परिवर्तन हुन्छ –अध्यक्ष नेपाल

जनकपुरधाम, ८ जेठ/रासस

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले देशको बदलिंदो राजनीतिक परिस्थितिका कारण मधेस प्रदेश सरकारको नेतृत्व परिवर्तन हुने बताएका छन्।




मङ्गलवार जनकपुरधाममा पत्रकारहरूसँग सङ्क्षिप्त कुरा गर्दै उनले सङ्घीय सरकारको स्वरूपमा भएको परिवर्तन अनुसार मधेस प्रदेशमा पनि सरकार परिवर्तन हुने बताए। मुलुक सङ्घीय संरचनामा रहेकोले केन्द्रीय संरचना अनुसार नै प्रदेश सरकारको संरचना बाध्य भएर बनाउनुपरेको नेता नेपालले बताए।

"प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत प्राप्त गरिसक्नुभएको छ, अब मधेस प्रदेशको सरकार पनि परिवर्तन हुन्छ"–अध्यक्षले भने। फरक प्रसङ्गमा उनले मुलुकको समृद्धिका लागि वर्तमान सरकारले काम गरिरहेको बताए।

# ज्ञानमणि नेपालः इतिहासलेखन विधाका अग्रज व्यक्तित्व

स्वतन्त्र विचार



प्राडा तीर्थप्रसाद मिश्र

**नेपालको इतिहासलेखन विधामा ज्ञानमणि नेपालको आफ्नै विशिष्ट पहिचान छ। उनीद्वारा लिखित प्रायः सबै प्रकाशन प्राथमिक स्रोतमा आधारित छन्। उनले स्वदेशमा रहेका पुरातात्त्विक, साहित्यिक एवं सरकारी कागजपत्रहरूको उपयोग यथेष्ट मात्रामा गरेका छन्।**

विक्रम संवत् २०८१ जेठ १ गते मध्याह्नमा नेपालको इतिहासका एक सशक्त लेखक जसले इतिहासलाई कथ्यमा होइन तथ्यबाट नै लेखनमा आफ्नो जीवन अर्पण गरेका थिए। उनी हुन्, साहित्यका अविश्रान्त सर्जक, निष्ठाका सगरमाथा, स्वाभिमानी, निर्भीक, मानवताका सरल पात्र ज्ञानमणि नेपाल। यस्ता बहुआयामिक प्रतिभाको अवसानले इतिहासलेखन विधामा अपुरणीय क्षति भएको छ। तथापि उनी नेपाली इतिहासका अध्यता एवं अनुसन्धानकर्ताका मार्गदर्शन बनेर रहिरहनेछन्। यस अर्थमा उनको भौतिक शरीर हामीमाझ नभए पनि जीवन्त स्मृति हामी सबैको मानसपटलबाट कहिल्यै हराउनेछैन। अतः उनका अजरामर कृतिहरूको स्मरण गर्दै उनीप्रति श्रद्धाञ्जलि व्यक्त गर्नु यो आलेखको उद्देश्य रहेको छ।

विसं १९८९ माघ १७ गते वसन्त पञ्चमीका दिन पूर्व ४ नम्बर भोजपुरमा ज्ञानमणि नेपालको जन्म भएको थियो। वसन्त पञ्चमीका दिन जन्मिएका यी बालक कालान्तरमा सरस्वतीका साधकका रूपमा स्थापित हुनु गजबकै संयोग मान्नुपर्छ। उनी घरमा नै प्रारम्भिक शिक्षा लिई २००४ सालमा अध्ययनको सिलसिलामा काठमाडौं आइपुगेका थिए र उनले पण्डित नयराज पन्तले स्थापना गरेका गुरुकुल रोजेका थिए। यद्यपि त्यस बेला अरू नै नाम चलेका पाठशाला वा विद्यालयमा अध्ययन गर्नेको बाहुल्य रहेको थियो। तर उनको यसै रोजाइले नामको ज्ञानमणिलाई वास्तवमैं ज्ञानको मणि बनायो। उनको नाम सार्थक हुन गयो।

त्यति बेला पण्डित नयराज पन्तको गुरुकुलमा कडा अनुशासन थियो। शिक्षार्थीले दैनिक १० घण्टा अध्ययनमा बिताउनुपर्थ्यो। खाने र थोरै सुत्नेबाहेक गुरुकुलमा पढाइ नै पढाइ थियो। जुन कुरा उनकै मेरो गुरुकुलीय शिक्षा र सहपाठी ग्रन्थमा उल्लेख छ। पण्डित नयराज पन्तको गुरुकुल त्यस्तो विद्यालय थियो, जहाँबाट कुनै औपचारिक शैक्षिक उपाधि प्राप्त नगरे पनि शिक्षार्थी अब्बल विद्वान् हुन्थे। विसं २००४ देखि २०१२ सम्म आठ वर्षको अध्ययनबाट ज्ञानमणिलाई आजीवन स्वाध्यायी अनुसन्धानकर्ता र नेपालको इतिहासका विविध विषयमा अनुसन्धान गर्न ऊर्जा प्राप्त भयो।

विसं २०१२ सालमा संशोधनमण्डलबाट बाहिर आई जन्मथलो पुगे र गुरुकुल स्थापना गरी पठनपाठनमा संलग्न भए, तर तत्कालीन राजनीतिले गर्दा उक्त विद्यालय लामो समयसम्म टिक्न सकेन। घरव्यवहारमा पनि ध्यान दिनुपर्ने र अध्ययनलाई पनि निरन्तरता दिनुपर्ने अवस्थामा उनी अनुसन्धानको उपयुक्त वातावरण खोज्दै पुनः काठमाडौं आए। र यहीं उनले अन्तिम श्वास फेरे। काठमाडौं आएपछि त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्र तथा कालान्तरमा प्रज्ञा प्रतिष्ठानमा संलग्न ज्ञानमणिको रामकहानी उनकै कृतिमा उल्लेख छ।

प्रारम्भिककालमा नेपालको इतिहासलेखन विधामा विदेशी लेखकहरूकै बाहुल्य रहँदै आएको देखिन्छ। विसं २००७ पछि भने नेपाली विद्वान्हरूले पनि नेपालको इतिहासका विविध पक्षमा कलम चलाउन थालेका हुन्। सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, पं नयराज पन्त, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा आदिले नेपालको इतिहासका विविध पक्षमा विभिन्न कृतिहरू प्रकाशन गरे। नेपालको प्रामाणिक इतिहास प्रकाशमा ल्याउन स्वदेशी ऐतिहासिक स्रोतहरूको अन्वेषण गरी सोही आधारमा इतिहास लेख्ने र पूर्वप्रकाशित कृतिमा देखिएका



स्व ज्ञानमणि नेपाल

त्रुटिलाई संशोधन गर्नेसमेत उद्देश्य राखेर गुरु पण्डित नयराज पन्तद्वारा २००९ सालमा संशोधनमण्डल स्थापना भएको थियो। यिनै महामानव पन्त गुरुद्वारा दीक्षित भएका मूर्धन्य व्यक्तिहरूमध्ये एक थिए, ज्ञानमणि नेपाल।

धनवज्र बज्राचार्य, गौतमवज्र बज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त जस्ता विशिष्ट इतिहास एवं संस्कृतिविद्हरू सोही संस्थाका उपज हुन्। सहपाठीहरूसित मिलेर नेपालले कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (भाग १ र २), इतिहास संशोधन (भाग १ देखि ५), ऐतिहासिक पत्रसङ्ग्रह र जयरत्नाकर नाटक जस्ता कृतिहरू प्रकाशित गरेका थिए। यी सबै ग्रन्थ अनुसन्धानमूलक र विश्लेषणात्मक छन्। यी कृतिमा सङ्ग्रह गरिएका सामग्रीहरू नेपालको इतिहासको अध्ययन, अनुसन्धान र अध्यापनका लागि आधिकारिक स्रोत सामग्री हुन पुगेका छन्।

संशोधनमण्डलबाट बिदा भएर घरव्यवहार यताउता गर्दै २०२७ सालमा काठमाडौं आई केही अनुसन्धानत्मक संस्थासँग जोडिई विभिन्न अनुसन्धान परियोजनाहरू सञ्चालन गरेका थिए। महिरावण वध नाटक विवेचनात्मक अध्ययन त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धान केन्द्रबाट प्रकाशित भएको थियो। नेपाल-चीन-तिब्बत सम्बन्ध विषयक अनुसन्धान कार्य पनि सोही अनुसन्धान केन्द्रबाट सम्पन्न गरेका थिए। नेपालको परराष्ट्र मन्त्रालय अभिलेखालय (जैसी कोठा)मा रहेका सामग्री अध्ययन र टिपोट गर्ने अवसर पाउने थोरै विद्वान्हरूमा उनी पनि एक थिए। उक्त सामग्री केही समयका लागि मात्र अध्ययन-अनुसन्धानका लागि खुला गरिएको थियो। २०४६ सालको परिवर्तनपछि ती अमूल्य ऐतिहासिक दस्तावेज के कस्तो अवस्था छन्, आधिकारिक सूचना उपलब्ध छैन। तिनै सामग्री उपयोग गरी लेखिएका अनुसन्धनात्मक कृतिहरू हुन्, नेपाल-भोट-चीन सम्बन्धका केही सांस्कृतिक पक्ष तथा नेपाल र चीन-तिब्बत सम्बन्ध। नेपाल-भोट-चीन सम्बन्धमा नेपालमा उपलब्ध अभिलेखालयका स्रोतहरू अत्यधिक उपयोग गर्ने अग्रणी अनुसन्धानकर्ता ज्ञानमणि नेपाल नै थिए।

नेपालका विविध पक्षको इतिहास समेटिएको नेपाल निरुक्त उनको अर्को अनुसन्धानात्मक तथा विश्लेषणात्मक ग्रन्थ हो। पृथ्वीनारायण शाहको अवसानपछि जङ्गबहादुर कुँवर राणाको उदयसम्मको षडयन्त्रकारी राजनीतिको इतिहास हो, नेपालको महाभारत। नेपालमा षडयन्त्रकारी राजनीति देखा पर्नाका कारणहरू र यसबाट परेका अल्पकालीन र दीर्घकालीन असरहरूको वस्तुनिष्ठ मूल्याङ्कन यस ग्रन्थमा गरिएको छ। नेपाल सुखीम सम्बन्ध उनको अर्को महत्त्वपूर्ण ग्रन्थ हो। नेपाल र सिक्किमको सम्बन्धको ऐतिहासिकता, दुवैको सम्बन्धमा आएका गतिरोध, सङ्घर्ष र सम्झौताका प्रसङ्ग यस कृतिका प्रमुख विशेषता हुन्। यी त भए इतिहासकार ज्ञानमणि नेपालका उल्लेखनीय केही प्रकाशनहरू। यसका अतिरिक्त नेपालका ख्यातिप्राप्त पत्रपत्रिका तथा जर्नलहरूमा उनका सयभन्दा बढी अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका देखिन्छन्। यहाँ त केवल उनलाई स्मरण गर्ने सन्दर्भमा उनका केही कृतिहरूको समेत स्मरण गर्न खोजिएको हो।

नेपालको इतिहासलेखन विधामा ज्ञानमणि नेपालको आफ्नै विशिष्ट पहिचान छ। उनीद्वारा लिखित प्रायः सबै प्रकाशन प्राथमिक स्रोतमा आधारित छन्। उनले स्वदेशमा रहेका पुरातात्त्विक, साहित्यिक एवं सरकारी कागजपत्रहरूको उपयोग यथेष्ट मात्रामा गरेका छन्। यसैगरी, पूर्वमध्यकालको इतिहास, मेरो गुरुकुलीय शिक्षा र सहपाठी, नेपालको माध्यमिककालको इतिहास, अतीतका स्मृति र अनुभूति जस्ता इतिहासका अनुसन्धानमूलक ग्रन्थ प्रकाशन गरी नेपालको इतिहासको क्षितिज फराकिलो बनाए। इतिहास र साहित्यमा कलम चलाउने ज्ञानमणिका पुराना कविता, वनका फूल, सङ्गीतलहरी, किष्किन्धा काण्ड तथा पुण्य शिक्षा जस्ता साहित्यिक कृति पनि पाठकहरूले उपहार पाएका छन्। उनले प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुँदा पनि इतिहास र साहित्यको उन्नयनका लागि सार्थक प्रयास गरेका थिए।

यी कृति तथा उनका लेखहरूमा पूर्वप्रकाशित ग्रन्थहरूमा देखिएका कमीकमजोरीलाई इङ्गित गर्दै सत्यतथ्य घटना उजागर गर्ने प्रयास भएको छ। यो सराहनीय कार्य मानिन्छ। कतिपय ऐतिहासिक प्रसङ्गमा उनले नवीनतम् अवधारणासमेत प्रस्तुत गरेका छन्। आवश्यकताभन्दा बढी वर्णनात्मक हुनु, पूर्वप्रकाशित ग्रन्थलाई यथोचित स्थान नदिनु, विदेशी विद्वान्हरूद्वारा लेखिएका ग्रन्थलाई खासै ध्यान नदिनु तथा इतिहासलेखन विधाका स्थापित मान्यतालाई पूर्णतः अङ्गीकार नगर्नु जस्ता केही सीमा उनको लेखनमा रहने चर्चा यदाकदा गर्ने गरिन्छ। तर ती सबै सामान्य प्रकृतिका सीमा हुन्। सीमा कसमा हुँदैन र कुन कृतिमा रहँदैन ? यस्ता सीमाले उनको उज्ज्वल योगदानमा ओझेल पार्ने छैनन्। भन्नैपर्छ, नेपालको इतिहासलेखन विधाका एक सशक्त हस्ताक्षर हुनुहुन्थ्यो, ज्ञानमणि नेपाल। उनी भविष्यका इतिहासकारका लागि मार्गदर्शक र प्रेरणाका स्रोत रहेको तथ्यलाई पनि स्वीकार गर्नै पर्छ।

नेपालको इतिहासलेखन विधा प्रारम्भिक चरणमा भएकामा उनले इतिहासलेखन विधालाई नयाँ आयाम दिएका थिए। उनले नेपालको इतिहासका कतिपय अप्रकाशित तथ्य उजागर गरी कैयौं ऐतिहासिक दस्तावेजसमेत प्रकाशन गरे। उनले लेखेका कृति र लेखहरू अनुसन्धानकर्ताका लागि असल खुराक बन्न पुगेका छन्। नेपाल-भोट-चीनको सम्बन्धको कूटनीतिक इतिहासलेखनका क्रममा यस पङ्क्तिकारले पनि उल्लेख्य सहयोग र सल्लाह पाएको थियो। उनको सङ्ग्रहमा अझै पनि असङ्ख्य ऐतिहासिक सामग्री एवं प्रकाशोन्मुख कृति होलान्। तिनको समुचित व्यवस्थापन र प्रकाशनमा हामी सबैले ध्यान दिएमा नै उनीप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ। नेपालको इतिहासमा ज्ञानमणि नेपाल सदैव स्थापित भई भविष्यका इतिहासकारहरूका लागि मार्गदर्शक भइरहनेछन्। नेपालको इतिहासलेखन विधाका सारथि ज्ञानमणिप्रति श्रद्धासुमन व्यक्त गर्छु। अस्तु ! (लेखक इतिहासविद् हुन्। रासस)



**सवारीसाधनको चेसिसः** एकीकृत जाँच चौकी वीरगंजमा भन्सार जाँचपास नभएर रोकिएका सवारीसाधनका चेसिसहरू। तस्बिरः हिमाल लम्साल⁄रासस

## फरक समाचार

# के हो राइट टु रिपेयर कानून

एप्पलको बाटो पछ्याउँदै गूगल र सामसुङले आफ्ना ग्राहकलाई सात वर्षसम्म सफ्टवेयर अपडेट उपलब्ध गराउने ऐतिहासिक निर्णय गरेका छन्। यो त्यो समय हो, जब तीन वर्षपछि अपडेट बन्द भएको कारण नयाँ फोन किन्न मानिसहरू बाध्य भएका थिए। तर अहिले 'राइट टु रिपेयर' कानून आएपछि कम्पनीहरूले आफ्नो रणनीति परिवर्तन गर्न बाध्य भएका छन्। फलस्वरूप, तपाईंको स्मार्टफोन अब सात वर्षसम्म टिक्नेछ। यो परिवर्तन उपभोक्ताहरूका लागि ठूलो राहत मात्र होइन, इलेक्ट्रोनिक फोहोर घटाउन पनि सहयोगी हुनेछ।



टेक फिक्सका लेखक तथा मोबाइल विश्लेषक ब्रायन एक्स चेनका अनुसार गूगल र सामसुङले ऐतिहासिक निर्णय लिएका छन्। अब पिक्सल ८, ८ ए र ग्यासेक्सी एस २४ ले सात वर्षसम्म सफ्टवेयर अपडेट प्राप्त गर्नेछ। यो परिवर्तन एप्पलको रणनीतिबाट प्रेरित भएको हो, जसले पहिले नै आफ्ना आइफोनहरूका लागि लामो समयसम्म अद्यावधिकहरू उपलब्ध गराउने वाचा गरेको थियो।

अब प्रश्न उठ्छ कि प्रविधि कम्पनीहरूले कसरी उपकरणलाई लामो आयु दिन सक्षम हुनेछन् ? यी कम्पनीहरूको लागि सबैभन्दा ठूलो चुनौती हुनेछ। राइट टु रिपेयर कानूनपछि कम्पनीहरूले विना कुनै हिचकिचाहट उपकरण मर्मत गर्नुपर्नेछ। उपभोक्ताले पैसा खर्च गरिरहेका छन् साथै उनीहरूको घरमा ई-फोहरहरू पनि थुप्रिरहेका छन्। रिपोर्टका अनुसार भारतका घरहरूमा मोबाइल र ल्यापटपजस्ता २० करोडभन्दा बढी ग्याजेटहरू क्षतिग्रस्त अवस्थामा छन्।

**के हो मर्मत अधिकार ऐन ? :** राइट टु रिपेयर कानून नयाँ होइन। यसलाई अमेरिका, बेलायत र युरोपेली सङ्घलगायत धेरै देशमा मान्यता दिइएको छ। उपभोक्ताले आफ्नो ग्याजेट मर्मत गराउन चाहन्छन् भने सोको मरम्मत गरेर दिनुपर्छ। कुनै अवस्थामा फर्काउनुहुँदैन। पार्टपुर्जा पुरानो भएपनि मर्मत गरेर दिनुपर्छ। ती देशहरूमा कम्पनी आफैंले आफ्नो सेवा केन्द्रमा उपकरण मर्मत गर्नुपर्ने कानून छ।

# पति-पत्नीबीच झगडा भयो

विवाहपछि पति-पत्नीबीच सानातिना मतभेद वा झगडा हुनु सामान्य कुरा हो तर यो झगडालाई बढावा दिनुहुँदैन नत्र सम्बन्ध जीवनभर टिक्न गाह्रो हुन्छ। झगडा नहोस् भन्ने प्रयास सदैव गर्नुपर्छ। तर यदि पति-पत्नीबीच झगडा भयो भने केही कुराहरू पतिलाई बताउनुहुँदैन नत्र मामिला झनै बिग्रिन सक्छ।



**पुराना गलती सम्झना नगर्नुहोस्ः** पतिसँग झगडा गर्दा पत्नीले आफ्ना विगतका गलतीहरू सम्झाउनुहुँदैन, किनभने पुराना घाउ कोटयाउँदा त्यो झनै बिग्रिन्छ। तपाईंको लक्ष्य लडाइँ अन्त्य गर्नु हो, आगोमा थप इन्धन थप्नु होइन।

**विवादहरू समाधान गर्न हतार नगर्नुहोस्ः** कहिलेकाहीं तपाईं झगडाको बारेमा धेरै गम्भीर बन्नुहुनेछ, यस्तो अवस्थामा, तुरुन्तै क्षति नियन्त्रण गर्ने प्रयास गर्नुहुँदैन। किनकि यसले समस्यालाई अझ खराब बनाउन सक्छ। वातावरणलाई सेलाउने मौका दिनु राम्रो हुन्छ। यदि तपाईंले रिसाएको पतिलाई मनाउन खोज्नुभयो भने उसको रिस अझै बढ्ने खतरा हुन्छ। कहिलेकाहीं समयले हरेक घाउ निको पार्छ। समझदारी देखाएर विवाद सुल्झाउनुपर्छ।

**समस्या समाधान गर्ने देखावा गर्नुहुँदैनः** पतिसँगको विवाद सुल्झाउन चाहनुहुन्छ भने यो काम मनैदेखि गर्नुपर्छ। तपाईं सबै कुरा ठीक गर्न चाहनुहुन्छ भनेर देखावा गर्नुहुँदैन। नक्कली भावना लुकाउन व्यक्तिलाई सजिलो हुँदैन। यदि गलती तपाईंको हो भने माफी माग्नुहोस् र छिट्टै समाधान गर्नुहोस्।

**पतिका बारेमा आफन्तहरूलाई नबताउनुहोस्ः** पति-पत्नीबीच झगडा हुँदा एकअर्काले आफन्तलाई आफ्नोबारेमा प्रतिक्रिया गर्न थाल्छन्। पत्नीले पतिको कुरा माइतीमा लगाउनुहुँदैन नत्र यो समस्या आजीवन चलिरहन्छ।

# यस्ता रोगीले चिया पिउनुहुँदैन

चिया संसारमा सबैभन्दा बढी पस्किने पेय पदार्थ हो। यसको लोकप्रियता र लामो इतिहासलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय चिया दिवस हरेक वर्ष मे २१ का दिन मनाइन्छ। आजको समयमा हरेक घरमा चियाको महत्त्व देख्न सकिन्छ। चियाका धेरै प्रकार छन्, जसमध्ये दूधको चिया सबैभन्दा मन पर्ने हुन्छ।



तर के तपाईंलाई थाहा छ चियामा दूध मिलाउँदा विषाक्त हुन्छ। विशेषगरी यी पाँच स्वास्थ्यसम्बन्धी समस्याको सामना गरिरहेका व्यक्तिका लागि दूधबाट बनाइएको चियाको एक चुस्की विष बराबर हुन्छ। स्वास्थ्य अवस्था बिग्रन सक्छ।

**आइरनको कमीः** यदि तपाईंको शरीरमा आइरनको कमी छ भने, दूधको चिया सीमित मात्रामा पिउनुपर्छ। एनसिबिआई अनुसार चियामा टयानिन नामक कम्पाउन्ड हुन्छ, जसले शरीरलाई आइरन अवशोषित गर्नबाट रोक्छ।

**अवसाद वा तनावः** चिया पिउँदा स्फूर्ति महसूस हुन्छ। तर यदि तपाईं डिप्रेसन वा तनावबाट गुज्रिरहनुभएको छ भने चियासेवन नगर्नुहोस्। चिया पिउनाले यसका लक्षणहरू अझ गम्भीर बनाउन सक्छ।

**अनिद्राः** यदि तपाईंलाई राति निद्रा लाग्दैन भने यसको सबैभन्दा ठूलो कारण चिया हुन सक्छ। विशेषगरी साँझमा चियासेवन गर्नेलाई अनिद्राको समस्या हुन्छ। एनआइएचमा प्रकाशित एउटा रिपोर्ट अनुसार क्याफिनले मेलाटोनिनको उत्पादन रोक्छ, जसले निद्राको गुणस्तर बिग्रिन्छ।

**खराब पाचनः** दूध मिसिएको चियाले पाचन प्रक्रिया खराब बनाउन सक्छ। यसमा पाइने क्याफिन र फ्याटले ग्याँस, ब्लोटिङ र एसिड रिफ्लक्स निम्त्याउँछ।

**मुटुरोगः** मुटुरोगी हुनुहुन्छ भने दूधको चिया नखानुहोस्। यसले तपाईंको रोगलाई ट्रिगर गर्न सक्छ। तर थोरै मात्रामा चिनी मिसाइएको कालो चिया मुटुको लागि सुरक्षित हुन्छ। - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# प्रधानमन्त्री नेतान्याहुको गिरफ्तारी आदेशको निन्दा गर्दै आइसिसीलाई प्रतिबन्ध गर्ने अमेरिकी सांसदको माग



नेदरल्यान्ड्सको हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)। तस्वीर: एजेन्सी

अमेरिका, ८ जेठ/एएनआई

संयुक्त राज्य अमेरिकाका सांसदहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)लाई इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको गिरफ्तारी आदेश जारी गरेमा प्रतिबन्ध लगाउने विचार गरिरहेको अमेरिकी सदनका अध्यक्ष माइक जोनसनले बताए।

"ह्वाइट हाउस नेतृत्वको अनुपस्थितिमा काङ्ग्रेसले आइसिसीलाई यस्तो कदम चाले यसको नेतृत्वले परिणाम भोग्नुपर्ने सुनिश्चित गर्दै प्रतिबन्धसहित सबै सजायका विकल्पहरूको समीक्षा गरिरहेको छ"–अमेरिकी सदनका अध्यक्षले सोमवार एक विज्ञप्तिमा भने। "आइसिसीको इजरायल वा संयुक्त राज्य अमेरिकामा कुनै अधिकार छैन र आजको आधारहीन र अवैध निर्णयले विश्वव्यापी निन्दाको सामना गर्नुपर्नेछ"–उनले थप भने।

आइसिसीका प्रमुख अभियोजक करिम एए खानले मे २० मा गाजामा हमासविरुद्ध इजरायलको सात महीना पुरानो युद्धका क्रममा मानवताविरुद्ध अपराधको आरोपमा प्रधानमन्त्री नेतान्याहु र इजरायली रक्षामन्त्री योव गालान्ट साथै हमासका तीन शीर्ष नेता–याह्या सिनवर, मोहम्मद देइफ र इस्माइल हानियाहविरुद्ध गिरफ्तारी आदेश आवेदन दायर गर्ने घोषणा गरेका थिए। रिपब्लिकन सांसदहरूले सोमवार आइसिसीलाई प्रतिबन्ध लगाउन संयुक्त राज्य अमेरिकालाई आह्वान गरे।

रिपब्लिकन सदन कन्फरेन्सकी अध्यक्ष एलिस स्टेफानिकले न्यूयोर्क पोस्टलाई भनिन्–"आइसिसी एउटा अवैध अदालत हो, जसले कट्टरपन्थी आतङ्कवादी समूहसँग आफ्नो अस्तित्वको अधिकारको रक्षा गर्ने शान्तिपूर्ण राष्ट्रलाई फसाउने गर्छ।" घोषणापश्चात् स्टेफानिकले सोमवार बिहान नेतान्याहुसँग भेट गरेका थिए।

सदनका अल्पसङ्ख्यक नेता हाकिम जेफ्रिजले एक विज्ञप्तिमा आइसिसीको आदेशलाई 'लाजमर्दो र अनुचित' भनेका छन्।

राज्य सचिव एन्टोनी ब्लिन्केनले इजरायल र हमासबीच आइसिसी अभियोजक समानतालाई मौलिकरूपमा अस्वीकार गर्ने र यो घोषणाले बन्धक सम्झौता र युद्धविरामको वार्तासमेतलाई जोखिममा पार्न सक्ने कुरामा जोड दिए। उनले संयुक्त राज्य अमेरिका वर्तमान द्वन्द्वभन्दा पहिलेदेखि नै आइसिसीको यस मामिलामा कुनै क्षेत्राधिकार नभएकोमा स्पष्ट रहेको बताए। ब्लिन्केनले भने–"आइसिसी अभियोजक आफैं अर्को हप्ता इजरायलको भ्रमण गर्ने र इजरायली सरकारबाट अनुसन्धानबारे छलफल गर्ने कार्यक्रम तय गरिएको थियो।"

घोषणाप्रति प्रतिक्रिया दिँदै इजरायली प्रधानमन्त्री नेतान्याहुले भने–"हेगमा अभियोजकले दिएको बेतुक र झूटो आदेश इजरायलका प्रधानमन्त्री र रक्षामन्त्रीविरुद्ध मात्र नभई सम्पूर्ण इजरायलविरुद्ध निर्देशित छ। "यो आइडिएफका सैनिकविरुद्ध निर्देशित छ, जो हमासविरुद्ध वीरताका साथ लडिरहेका छन्"–टाइम्स अफ इजरायलमा रिपोर्ट गरिएको भिडियो बयानमा उनले भने। रासस


**पवित्र तीर्थस्थल श्रीस्थान क्षेत्र:** दैलेखको भैरवी गाउँपालिका–१ मा रहेको पञ्चकोशी धाममध्येको एक पवित्र तीर्थस्थल श्रीस्थान क्षेत्र। श्रीस्वस्थानी व्रतकथामा उल्लेख भए अनुसार महादेवले सतीदेवीको मृत शरीर बोकेर यत्रतत्र घुम्ने क्रममा यस ठाउँमा आइपुग्दा सतीदेवीको शिर पतन भएकाले यस ठाउँलाई शिरस्थान भनेर पूजा गर्न थालिएको हो भन्ने भनाइ रहेको छ। तस्बिर: सुरेश आचार्य/रासस

# मेयर सिंहको टेलर सार्वजनिक

प्रस, परवानीपुर, ८ जेठ/

वीरगंजमा मङ्गलवार 'मेयर सिंह' नामक चलचित्रको टेलर प्रदर्शित गरिएको छ।

त्रिमूर्ति सिनेमा हलमा मेयर सिंह चलचित्रको टेलर प्रदर्शन गरिएको हो। सो अवसरमा नेपाल चलचित्र पत्रकार सङ्घ पर्साद्वारा आयोजित पत्रकार सम्मेलनमा चलचित्र निर्माता अजय पटेलले आगामी एक महीनामा चलचित्र प्रदर्शन हुने बताए। उनले गत एक वर्षदेखि चलचित्रको निर्माण भइरहेको र अहिले टेलर प्रदर्शन गरी एक महीनाभित्र प्रदर्शन गर्ने योजना रहेको बताए।




अर्का निर्माता शिवप्रसाद कुर्मीले चलचित्र निर्माणमा ३५ लाख रुपैयाँ खर्च भएको र चलचित्रमा वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको क्रियाकलाप समेटिएको बताए। उनले चलचित्रमा पप्पु मिश्र र सन्तोष पुरीको स्वरमा छवटा गीत रहेको बताए। चलचित्रमा शिव मनमोही र सन्तोष पुरीले सङ्गीत दिएका छन्।

सुवास देवकोटाद्वारा निर्देशित चलचित्रमा कलाकारहरू जीतु जीतेन्द्र, प्रीति पासवान, श्रेया दुलाल, मुखलाल प्रसाद, अजमत अलि, अजय पटेललगायतले अभिनय गरेका छन्।

## सगरमाथा ...

यही याममा सगरमाथा आरोहणका लागि अनुमति लिएकामध्ये ७० प्रतिशत आरोहीले आरोहण गरिसकेको प्रमुख गौतमले जानकारी दिए।

उनले यस याममा आरोही र शेर्पा सहयोगीसहित ४६० जनाले सगरमाथा आरोहण गरेको बताए। "हालसम्म करीब ७० प्रतिशत आरोहीले सगरमाथा आरोहण गरिसक्नुभएको छ," उनले भने, "अबको चार दिनमा आरोहणका लागि मौसम उपयुक्त भएकाले बाँकी आरोहीले आरोहण सक्ने अनुमान गरिएको छ।"

### खाली हुँदै सगरमाथा आधार शिविर

सगरमाथाको आधार शिविरस्थित चाँदीझैं टल्कने हिउँमा रङ्गीबिरङ्गी त्रिपालले सजिएको सगरमाथाको आधारशिविर बिस्तारै सुनसान बन्दै गएको छ। सगरमाथा आरोहण सकेर आरोही गन्तव्यतर्फ लागेका तथा बाँकी आरोही आरोहणका लागि सगरमाथाको चुचुरोतर्फ लागेकाले आधार शिविर सुनसान बन्न थालेको विभागको प्रमुख गौतमले बताए। उनका अनुसार यो याममा सगरमाथा आधार शिविरमा आरोहीको व्यवस्थापनका लागि एक हजार पाँच सय पाल टाँगिएका थिए।

आधार शिविरमा पर्वतारोही, शेर्पा गाइड र सहयोगी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधि गरी तीन हजार हाराहारी मानिसको चहलपहल थियो। आरोहण यामको दुई महीनाभर आधार शिविरमा मानवीय चहलपहल रहन्छ।

यस याममा दुईजना मङ्गोलियन नागरिकको मृत्यु भएको विभागले जनाएको छ। आरोहणका क्रममा घाइते भएका ५० जनाभन्दा बढी आरोहीको सगरमाथाका विभिन्न क्षेत्रबाट उद्धार गरिएको छ। घाइतेमध्ये कतिपय आरोहीको हात, आँखा खिइएको छ। उनीहरूको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

पर्वतारोहण अनुगमन तथा सहजीकरण समितिले यसपटक आधार शिविरमा हुने अवैधानिक गतिविधि रोक्ने, जथाभावी ड्रोन उडाउने तथा विदेशी नागरिकको अवैध गतिविधि नियन्त्रणमा पनि भूमिका खेलेको जनाइएको छ। मे २५ भित्र मौसम राम्रो भएकाले सोही समयभित्र आरोहण गरिसक्न विभागको फिल्ड कार्यालयले सबै आरोहीलाई सूचित गरेको छ।

यस वर्षको वसन्त आरोहण गत वैशाख २८ गतेदेखि शुरू भएको थियो। आरोहणका लागि १० जना दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको थियो। पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङले सगरमाथा आरोहण करीब अन्तिम चरणमा पुगेको बताए। मौसम अनुकूल रहेकाले बाँकी आरोही पनि सहजरूपमा चुचुरो पुग्ने अनुमान गरिएको उनले उल्लेख गरे।

विभागको पर्वतारोहण शाखाका अनुसार यो सिजनमा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र ३३९ पुरुषसहित ४१४ जनाले अनुमति लिएका थिए।

### सशस्त्र प्रहरी निरीक्षक पौडेलद्वारा सगरमाथा आरोहण

सशस्त्र प्रहरी बल नेपाल (एपिएफ)मा सेवारत प्रहरी निरीक्षक सुरज पौडेलले सोमवार विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन्। एपिएफको इतिहासमा पहिलोपटक सङ्गठनको प्रतिनिधित्व गर्दै उनले यही जेठ ७ गते सोमवार बिहान १०:२० बजे सगरमाथा आरोहण गर्न सफल भएको सशस्त्र प्रहरी बलका नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए।

इलाइट एक्सपेड नेपाल एपिएफ एभरेस्ट एक्सपिडिसन नामक पर्वतारोही दलको नेतृत्व गर्दै शेर्पा एक्सट्रिम प्रालिमार्फत सप्रनि पौडेल सगरमाथामा आरोहणका लागि गत चैत ३० गते त्यसतर्फ प्रस्थान गरेका थिए। उनले यसबीचमा सगरमाथासँगै रहेको लुबुचे हिमालको समेत सफल आरोहण गरेका थिए। एपिएफले उत्तरतर्फको कठिन भूगोलमा समेत आफ्नो उपस्थिति जनाउँदै लगेको अवस्थामा यस आरोहणले आगामी दिनमा हिमाली भेगमा हुने विपद् व्यवस्थापन कार्यमा समेत सहयोग पुग्ने सङ्गठनले अपेक्षा लिएको जनाएको छ।

हिमाली भेगमा हुने विपद् व्यवस्थापन उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले एपिएफले पर्वतीय उद्धार तालीम शिक्षालय स्थापना गरिसकेको छ। यसबाट दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएअनुरूप सगरमाथाको सफल आरोहणले त्यस प्रकारका तालीमलाई समेत गुणस्तरीय बनाउन मदत पुग्ने जनाइएको छ। सगरमाथा सीमा क्षेत्रसमेत रहेकोले नेपालको होचो भूभाग झापा जिल्लाको केचनाकवलदेखि सीमाको अधिकतम उचाइसम्म सशस्त्र प्रहरी बलको उपस्थितिको रूपमा समेत सङ्ठनले लिएको छ। सप्रनि पौडेलले उत्तरी सीमानामा पर्ने सगरमाथाको सफल आरोहण गरेकै समयमा दक्षिणी सिमानानजीक पर्ने झापाको ५८ मिटर उचाइमा रहेको केचनाकवलमा बिओपी केचनाबाट सप्रनि केशव मैनाली कमान्डको टोली पुगेको थियो।

सबैभन्दा अग्लो र होचो भूभागमा सशस्त्र प्रहरीका अधिकृत तथा गस्ती टोली एकैसाथ पुगेको बलका प्रहरी नायब उपरीक्षक एवं सहप्रवक्ता थापाले जानकारी दिए।

# बङ्गलादेशको अर्थतन्त्र ५.८२ प्रतिशतले बढ्ने अनुमान

ढाका, ८ जेठ/सिन्ह्वा

चालू आर्थिक वर्ष २०२३ जुलाई–२०२४ जूनमा बङ्गलादेशको अर्थतन्त्र ५.८२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।

गत आर्थिक वर्षको वृद्धिदर ५.७८ प्रतिशतको तुलनामा कुल गार्हस्थ्य उत्पादनको यो वृद्धि सामान्य हो भने अन्तर्राष्ट्रिय मुद्रा कोषको ५.७ प्रतिशत र विश्व बैंकको ५.६ प्रतिशतको पूर्वानुमानसँग नजीकको तथ्याङ्क रहेको समाचार एजेन्सी बिएसएसले सोमवार रिपोर्ट गरेको छ।

यसैबीच, चालू आर्थिक वर्षको पहिलो सात महीनाको तथ्याङ्कमा आधारित अनुमान अनुसार प्रतिव्यक्ति आयको पूर्वानुमान अघिल्लो वर्षको २,७४९ डलरबाट बढेर चालू आर्थिक वर्षमा २,७८४ डलर पुगेको छ।

हालको मूल्यमा बङ्गलादेशको जिडिपी ४५९ अर्ब डलर रहेको छ, जुन अघिल्लो आर्थिक वर्षमा ४५२ अर्ब डलर थियो।

तथ्याङ्कले कृषि र उद्योगमा कमी देखाएको र सेवामा थोरै वृद्धि भएको देखाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – मित्रमिलन | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# कोइलाखानीमा दुर्घटना हुँदा पाँचजनाको मृत्यु

हार्बिन (चीन), ८ वैशाख/सिन्ह्वा

उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तस्थित कोइलाखानीमा दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको उक्त कोइलाखानी कम्पनीले जनाएको छ।

कम्पनी स्रोतका अनुसार हेइलोङगजियाङ लङमे समूह अन्तर्गतको हेगाङ खानी कम्पनीको जिङआन कोइला खानीमा सोमवार राति दुर्घटना भएको थियो।

सो दुर्घटना हुने क्रममा नौजना फसेको र उनीहरूमध्ये चारजनाको उद्धार गरिएको स्रोतले जनाएको छ।

प्रारम्भिक अनुसन्धानले तरल कार्बनडाइअक्साइड चुहावट हुँदा दुर्घटना भएको देखाएको छ। दुर्घटनाको कारण तथा यथेष्ट विवरणबारे थप अनुसन्धान भइरहेको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
वीरगंज नगर विकास समिति पर्सा, वीरगंज

**बोलपत्र स्वीकृत आशयको सूचना**

प्रकाशित मिति: २०८१/०२/०९ गते

यस समितिको मिति २०८०/१२/०७ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक पक्षको मूल्याङ्कन हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशयपत्रको सूचना जारी गरिएको छ।

**तपसील**

| सिनं | शपिङ कम्प्लेक्स भवन/कोठाको विवरण | बोलपत्रदाताको नाम | मासिक भाडादर सकार अङ्क |
|---|---|---|---|
| १. | पसल कोठा नं १ | करिना अग्रवाल, वीरगंज–१३, मुर्ली मेराज कलेक्शन | २२,२००/– |
| २. | पसल कोठा नं २ | सांग्रिला डेभलपमेन्ट बैंक लि., बालुवाटार, काठमाडौं | १७,०००/– |
| ३. | पसल कोठा नं ४ | गणपति फोटो एन्ड गिफ्ट सेन्टर, वीरगंज–९, पर्सा | २२,५००/– |

सदस्यसचिव

# पर्सा काङ्ग्रेसको प्रदर्शन, छानबीन र कारबाईको माग



प्रस, वीरगंज, ८ जेठ/

नेपाली काङ्ग्रेस, पर्साले मङ्गलवार प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललाई ज्ञापनपत्र बुझाउँदै जेठ ४ गते साँझ भएको घटनाको निष्पक्ष छानबीन गरी दोषीलाई कारबाईको माग गरेको छ।

नेका, पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्रीले प्रमुख जिल्ला अधिकारी भुसाललाई ज्ञापनपत्र बुझाउँदै सहकारी ठगी प्रकरणका आरोपी रवि लामिछानेमाथि संसदीय छानबीन समिति गठन गर्न र वीरगंज महानगरका प्रमुख राजेशमान सिंहविरुद्ध किर्ते नागरिकता मुद्दाको छानबीनको माग गर्दै जेठ ४ गते नेविसङ्घ पर्साले गरेको विरोध कार्यक्रममा माईस्थान चोकमा भएको झडपप्रति नेका, पर्साको ध्यानाकर्षण भएको बताए।



उनले नेविसङ्घ, पर्साका अध्यक्ष रमेशकुमार यादवसहितका कार्यकर्ताहरू घाइते भएको घटनामा शान्तिपूर्ण प्रदर्शन रोक्ने नियोजित षड्यन्त्र भएको भन्दै सोको निष्पक्ष छानबीन गरी दोषीलाई कानूनबमोजिम कारबाई गर्न माग गरेका थिए।

यसअघि घण्टाघरमा भेला भएर नेपाली काङ्ग्रेसका विभिन्न भ्रातृ सङ्गठनका कार्यकर्ताहरूले नाराबाजी गर्दै नगरपरिक्रमा गरेका थिए। प्रदर्शनमा प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा, प्रदेशसभा सदस्य शङ्कर चौधरी, नेका पर्साका उपसभापति रामनारायण कुर्मी, सचिव एवं उपप्रमुख इम्तियाज आलम, क्षेत्रीय सभापति महम्मद सहाबुद्दीन, नवीन सिंहलगायतको सहभागिता थियो।

# विभिन्न मुद्दामा फरार मिश्र पक्राउ

प्रस, रौतहट, ८ जेठ/

गौर नगरपालिका-५ बस्ने ५८ वर्षीय राजु मिश्रलाई रौतहट जिल्ला अदालतले पुर्पक्षको लागि जेल चलान गरेको छ। मिश्रमाथि सङ्गठित अपराध, अपहरण



तथा शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा अदालतले आदेश जारी गरेपछि उनी फरार भएका थिए।

फरार अवस्थामा मिश्रलाई गौर नगरपालिका-१ नेपाल-भारत सीमाबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ। उनीसमेतले गौर नपा-३ बस्ने २७ वर्षीय रोहितकुमार जयसवाललाई २०७८ पुस २० गते अपहरण गरी भारतको बैरगनियामा बन्धक बनाइ हत्या गरेर शवलाई नन्दद्वारा पुलमा फालेको आरोप छ।

रकम फिरौतीबापत सो घटना गरिएको प्रहरी प्रतिवेदन अनुसार रौतहट जिल्ला अदालतले मिश्रलाई हिजो सोमवार पुर्पक्षको लागि जेल चलान आदेश दिएपछि गौर कारागारमा चलान गरिएको जिप्रका, रौतहटले जनाएको छ।


## डढेलोबाट बचौं र बचाऔं।

सानो असावधानीले डढेलोबाट जङ्गल मात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्।

त्यसैले,

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जङ्गल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जङ्गलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





**पर्सामा ...**

इन्चार्जहरूलाई खोपबारेमा अभिमुखीकरण तालीम दिएको अधिकृत ठाकुरले बताए।

यसैगरी, आजदेखि जेठ ११ गतेसम्मको तालिका बनाएर ठोरी गापाबाट अभिमुखीकरण तालीम शुरू भएको उनले बताए। अभिमुखीकरण कार्यक्रममा पहिलो चरणको खोप अभियानको लागि ११० जना खोप कार्यकर्ता र ३२८ जना शिक्षक गरी ४३८ जना जनशक्ति तयारी हुँदै गरेको बताए।

पहिलो चरणको लागि आठवटै पालिकामा अभिमुखीकरण कार्यक्रम आयोजना गरिने उनले बताए।

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, फोकल पर्सन ठाकुर, कोल्डचेन अधिकृत मोहनलाल साह र जनस्वास्थ्य अधिकृत मल्लिका श्रेष्ठले अभिमुखीकरण गराउँदै आएका छन्।

# खेलकूदको संसार

## मेयरकप फूटबलः सढी सेमिफाइनलमा प्रवेश

प्रस, सेढवा, ८ जेठ/

जीराभवानी गाउँपालिकामा सञ्चालित दोस्रो जीराभवानी मेयरकप फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार सम्पन्न खेलमा युनिक युवा क्लब, सढी सेमिफाइनलमा प्रवेश गरेको छ।



तस्वीरः प्रतीक

सढीले युवा समाज पकडीटोललाई एकका विरुद्ध दुई गोल गरी सेमिफाइनलमा प्रवेश गरेको हो। आजको खेलमा युनिक युवा क्लब सढीका सुजल चौधली 'म्यान अफ दी म्याच' घोषित भए। उनलाई राष्ट्रिय खेलकूद परिषद्का सदस्य मानदेव हजराले पुरस्कृत गरेका थिए।

भोलिदेखि सेमिफाइनल खेल हुने र पहिलो सेमिफाइनल खेलमा ब्रह्मबाबा युवा क्लब, सहजानपुर र न्यू सनलाइट युवा क्लब, सुपौली 'ए' भिड्ने आयोजक संस्थाका ओमप्रकाश महतोले बताए।

यसैगरी, आजको विजेय युनिक युवा क्लब, सढी र युवा प्रगति समाज, सेढवाबीच बिहीवार दोस्रो सेमिफाइनल खेल हुने उनले बताए।

## नेपाल एटिएफ यू-१२ टेनिस टीम प्रतियोगिता : नेपाल पराजित

काठमाडौं, ८ जेठ/ रासस

नेपाल एटिएफ यू-१२ टेनिस टीम प्रतियोगिता (दक्षिण एशियाली क्षेत्रीय छनोट)मा मङ्गलवार पराजित भएको छ। सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको खेलमा नेपाल छात्रमा पाकिस्तान र छात्रामा भारतसँग पराजित भएको हो। प्रतियोगिताको पहिलो दिन नेपालको छात्र टीम श्रीलङ्कासँग ३-० तथा छात्रा टीम बङ्गलादेशसँग २-० ले पछि परेको थियो।



तस्वीरः सौजन्य

नेपाल टेनिस सङ्घको आयोजनामा भइरहेको उक्त प्रतियोगिताको छात्रामा पाकिस्तानले नेपाललाई ३-० ले पराजित गऱ्यो। सिङ्गल्समा रसिद अलीले नेपालका विश्वविशेष डल्लाकोटीलाई ६-३ र ६-० तथा मुहम्मद सायनले नेपालका निश्चल ज्ञवालीलाई ६-१ र ६-१ को सोझो सेटमा पराजित गरे।

डबल्समा सायन र जुनैद खान मुहम्मदको जोडीले नेपालका विश्व र साहनबाज आलमको जोडीलाई सीधा सेटमा ६-१ र ६-० ले पाखा लगाए। छात्रामैं भारतले माल्दिभ्स तथा श्रीलङ्काले भुटानलाई समान ३-० को नतीजामा पन्छाए। दोहोरो जीत निकाल्ने क्रममा छात्रामा भारतले नेपालमाथि ३-० को जीत दर्ता गऱ्यो। सिङ्गल्समा श्रृष्टि किरणले नेपालकी आयुशा जिसीलाई ६-० र ६-० तथा खुशी कडियनले नेपालकी अनुश्री धोजुलाई ६-२ र ६-० को सोझो सेटमा पन्छाए।

डबल्समा सरेना घलोट र श्रृष्टि किरणको जोडीले नेपालका अनुश्री धोजु र सारा पन्तको जोडीलाई ६-१ र ६-० ले पराजित गऱ्यो। अर्को खेलमा बङ्गलादेशले माल्दिभ्सलाई ३-० ले निराश पाऱ्यो।

## ओलम्पिक छनोटका लागि नेपाली बक्सिङ टोली बैंकक जाँदै

काठमाडौं, ८ जेठ/रासस

बक्सिङको दोस्रो ओलम्पिक छनोट प्रतियोगितामा सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली भोलि बुधवार थाइल्यान्डको बैंकक प्रस्थान गर्दैछ।

यही जेठ ११ देखि २१ गतेसम्म हुने प्रतियोगितामा दुई पुरुष र एक महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुष ५१ किलोमा चन्द्रबहादुर थापा र ६३ दशमलव पाँच किलोमा प्रकाश इजम लिम्बूले प्रतिस्पर्धा गर्नेछन्। त्यसैगरी, महिला ५४ किलोमा अञ्जनी तेलीले खेल्नेछिन्। प्रशिक्षकमा प्रकाश थापामगर छन्।

नेपाली टोलीलाई राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङ, नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेलगायतले आज आयोजित कार्यक्रममा सफलताको शुभकामना दिंदै टोलीलाई बिदाइ गरे। सदस्यसचिव घिसिङले खेलाडीलाई उच्च मनोबलका साथ प्रदर्शन गर्न आग्रह गरे।

## स्नुकर प्रतियोगिता जेठ १९ गतेदेखि

काठमाडौं, ८ जेठ/ रासस

नेपाल विलियर्ड्स स्नुकर तथा पुल सङ्घको आयोजनामा पहिलो काठमाडौं स्नुकर च्याम्पियनशिप-२०२४ को आयोजना हुने भएको छ। यही जेठ १९ देखि २९ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १६ क्लबका २५६ जना खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजक समितिका अध्यक्ष सरोजकुमार मुल्मीले मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए। उनले नेपालमा स्नुकर खेलको विकास र विस्तारका लागि उक्त प्रतियोगिताको आयोजना गर्न लागेको बताए।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने खेलाडीले रु दुई लाख ५१ हजार प्राप्त गर्नेछन्। त्यसैगरी, पहिलो रनरअप खेलाडीले रु एक लाख पाउनेछन् भने सेमिफाइनलमा पुग्ने खेलाडीले रु ५० हजार पाउनेछन्। त्यसैगरी, क्वाटरफाइनलमा पुग्ने खेलाडीले रु १० हजार तथा प्रि-क्वाटर फाइनलमा पुग्ने खेलाडीले रु पाँच हजार पाउनेछन्। प्रतियोगितामा उत्कृष्ट चयन हुने खेलाडी र उत्कृष्ट राइजिङ खेलाडीले जनही रु १५ हजार पाउनेछन्।

# सिम्रौनगढमा जेठ १३ गतेदेखि आइपिभी खोप अभियान

प्रस, सिम्रौनगढ, ८ जेठ/

सिम्रौनगढ नगरपालिकामा पोलियो रोगविरुद्धको आइपिभी अभियानसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सिम्रौनगढ नगरपालिकाका सम्पूर्ण वडामा जेठ १३ गतेदेखि बालबालिकाहरूलाई लक्षित गरी आइपिभी खोप अभियान सञ्चालन गर्नेबारे छलफल भएको थियो।

२०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकाहरूलाई आइपिभी खोप दिइने कार्यक्रममा जानकारी गराइएको थियो।



प्रमुख प्रसाशकीय अधिकृत जयनरायणप्रसाद यादवको अध्यक्षता भएको कार्यक्रममा सहजीकरण नगरपालिका स्वास्थ्य संयोजक विजयशङ्कर ठाकुरले गरेका थिए। छलफल कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सञ्चारकर्मी र कर्मचारीहरूको सहभागिता थियो।